# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


वर्ष १० | अंक १२९ | काठमाडौं | बुधबार, १३ भदौ २०८० | Prabhab National Daily | Wednesday, August 30, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# विधेयकले झमेलामा सरकार




मुलुकी फौजदारी अपराध संहिताको संशोधनमार्फत जघन्य अपराधमा संलग्नलाई जोगाउने प्रावधान ल्याइएको छ । राजनीतिको अपराधीकरण र अपराधको राजनीतिकरण स्वीकार्य छैन ।

**गगन थापा**
सांसद, कांग्रेस



हिंसात्मक गतिविधिलाई प्रोत्साहित हुनेगरी ल्याइएको विधेयक स्वीकार्य हुँदैन । हिंसात्मक गतिविधि गर्नेहरूको संरक्षक सरकार बन्न सक्दैन ।

**महेश बर्तौला**
सचेतक, एमाले



कानुनीरूपमा मात्रै होइन, देशकै व्यवस्थाको नयाँ परिभाषा हुनसक्ने, राजनीतिलाई नै नयाँ दृष्टिकोणबाट हेर्न बाध्य बनाएर राख्ने बुँदा (६४) लाई विधेयकको बीचमा सुटुक्क छिराइएको छ ।

**सुमना श्रेष्ठ**
सांसद, रास्वपा

- विप्लव नेतृत्वको नेकपा र डा. सिके रावत नेतृत्वको तत्कालीन स्वतन्त्र मधेस गठबन्धनका नेता कार्यकर्ताविरूद्धको फौजदारी मुद्दा फिर्ता गर्ने प्रावधान अध्यादेशमा
- विधेयक पारित भए राजनीतिमा अपराधीकरण र अपराधको राजनीतिकरण हुने चिन्ता

■ **जेबी योञ्जन**

**काठमाडौं–** सरकारले नेत्रविक्रम चन्द नेतृत्वको नेकपा र डा. चन्द्रकान्त राउत (सिके) नेतृत्वको तत्कालीन मधेस गठबन्धनका नेता कार्यकर्ताहरूविरुद्धको मुद्दा फिर्ता लिनेगरी ल्याएको विधेयक विवादित बनेको छ । विधेयकमा फौजदारी कार्यविधि संहिता २०७४ को संशोधन गर्न उल्लिखित प्रावधानले राजनीतिमा अपराधीकरणलाई प्रश्रय दिने विपक्षी दलहरूसँगै सत्तापक्षीय सांसदहरूको तर्क छ । यसरी विरोध भएपछि विधेयक पारित हुनेमा जटिलता थपिने देखिएको छ । सरकार पनि अप्ठेरोमा पर्नसक्ने विश्लेषण हुन थालेको छ ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले गत २६ वैशाखमा संसद्मा 'केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८०' टेबुल गरेका थिए । मंगलबारको बैठकमा मन्त्री गुरुङले उक्त विधेयकमाथि 'विचार गरियोस्' भन्ने प्रस्ताव पेस गरे । सोही विधेयकमा चन्द नेतृत्वको नेकपा र डा. राउत नेतृत्वको तत्कालीन स्वतन्त्र मधेस गठबन्धनका नेता कार्यकर्ताहरूविरुद्ध दायर मुद्दाहरू फिर्ता लिनेगरी संशोधन प्रस्ताव गरिएको छ ।

सत्तारुढमध्येकै दल नेपाली कांग्रेसका सांसद गगन थापाले यसप्रति असन्तुष्टि व्यक्त गरे । उनले विधेयक स्वीकार्य नहुनेसमेत बताए । 'यो विधेयकमा मुलुकी फौजदारी अपराध संहिताको संशोधनमार्फत जघन्य अपराधमा संलग्नलाई जोगाउने प्रावधान ल्याइएको छ,' उनले संसद् बैठकमा भने, 'नेपाली कांग्रेसको तर्फबाट म प्रस्ट भन्न चाहन्छु, राजनीतिको अपराधीकरण र अपराधको राजनीतिकरण हामीलाई स्वीकार्य छैन ।'

(क्रमशः पृष्ठ ५ मा)

# एमसिसी परियोजना १२ वर्षपछि कार्यान्वयनमा, शंका १२ बुँदेमा

- चर्को विरोध गर्दै आएको दल नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रधानमन्त्री पुष्पकमल दाहाल सरकारको नेतृत्वमा रहेकै बेला एमसिसी कार्यान्वयनमा जाँदै
- २०६८ मा डा. बाबुराम भट्टराई प्रधानमन्त्री छँदा यो परियोजनाका लागि नेपाल छनोटमा परेको थियो
- अमेरिकाले यस परियोजनाका लागि ५० करोड डलर सहयोग दिनेछ भने नेपालले १९.७ करोड डलरको योगदान गर्नुपर्नेछ
- एमसिसी कार्यान्वयनका लागि १२ बुँदे व्याख्यात्मक टिप्पणी स्वीकार गर्ने अमेरिकाको भनाइ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** विवादित अमेरिकी परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन कम्प्याक्ट (एमसिसी) आजबाट कार्यान्वयनमा जाने भएको छ । एमसिसी सम्झौता उद्घाटनका लागि यससम्बन्धी उपाध्यक्ष क्यामरुन एलफोर्ड मंगलबार नेपाल आइपुगेका छन् ।

बुधबार उद्घाटनपछि एमसिसी कार्यान्वयनमा जानेछ । एमसिसी परियोजनाअन्तर्गत ३१५ किलोमिटर विद्युत् प्रसारणलाइन र १२ मिटर चौडा ७७ किलोमिटरको सडक स्तरोन्नति गर्ने योजना रहेको छ । सम्झौताअनुसार पाँच वर्षमा परियोजना सम्पन्न गर्ने गरी कार्यान्वयनमा जाने समय आज भदौ १३ गते तोकिएको छ । यसैलाई लक्षित गर्दै परियोजना 'इन्ट्री इन्टु फोर्स' जाने मितिमा सम्झौता कार्य-सञ्चालनसम्बन्धी उपाध्यक्ष एलफोर्ड काठमाडौं आइपुगेका हुन् । उक्त अवधिमा काम पूरा नभए त्यसको सम्पूर्ण खर्च नेपाल सरकारले बेहोर्नुपर्नेछ ।

अमेरिकाले उक्त परियोजनाका लागि ५० करोड डलर सहयोग दिनेछ भने नेपालले १९.७ करोड डलरको योगदान गर्नुपर्नेछ । एमसिसी उपाध्यक्ष एलफोर्डको भ्रमणलगत्तै अमेरिकी सिनेटको वैदेशिक मामिला तथा एप्रोप्रिएसन कमिटीका सदस्य सिनेटर क्रिस भान होलेन पनि सेप्टेम्बर पहिलो हप्ता नेपाल आउने कार्यक्रम छ ।

MILLENNIUM CHALLENGE CORPORATION
UNITED STATES OF AMERICA

### १२ वर्षमा जे भयो

**२०६८ माघ ५** : प्रधानमन्त्री डा. बाबुराम भट्टराई हुँदा नेपाल एमसिसीको थ्रेसहोल्ड कार्यक्रमका लागि छनोट
**२०७० पुस २१** : खिलराज रेग्मी नेतृत्वको सरकारले एमसिसीका चुनौतीहरूको विश्लेषणका लागि नेपाली अर्थशास्त्रीहरूको समूह गठन
**२०७१ माघ** : सुशील कोइराला नेतृत्वको सरकार रहँदा एमसिसीले नेपाललाई कम्प्याक्टका लागि छनोट गरेको जानकारी
**२०७२ भदौ २८** : पूर्वसचिव कृष्ण ज्ञवालीलाई कम्प्याक्ट कार्यक्रम तयारीका लागि राष्ट्रिय संयोजक र अर्थमन्त्रीको संयोजकत्वमा निर्देशक समिति गठन
**२०७२ भदौ २८** : सम्भावित आयोजनाबारे अध्ययन गर्न प्राविधिक अनुदान सहायता स्वीकार गर्नेसम्बन्धी सम्झौता
**२०७३ साउन ५** : प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्व रहेका बेला कम्प्याक्टको मस्यौदा तयार गर्न र सम्भावित आयोजनाबारे अध्ययन गर्नका लागि प्राविधिक अनुदान सहायता स्वीकार गर्नेसम्बन्धी सम्झौता
**२०७४ जेठ १८** : पुष्पकमल दाहाल नेतृत्वको सरकारका बेला द्विपक्षीय वार्ता टोली गठन
**२०७४ साउन १०** : प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारद्वारा सहायता स्वीकार गर्ने विषयमा मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्ने स्वीकृति
**२०७४ भदौ १९** : देउवा सरकारकै पालामा सम्झौतामा हस्ताक्षर गर्न तत्कालीन अर्थमन्त्रीसमेतको टोलीलाई अख्तियारी दिने मन्त्रिपरिषदको निर्णय
**२०७४ भदौ २९** : प्रधानमन्त्री देउवा र अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की रहेको बेला एमसिसीमा हस्ताक्षर
**२०७५ माघ २५** : ओली प्रधानमन्त्री रहँदा एमसिसीलाई अनुमोदनका लागि संसद्मा पेस गर्ने र अनुमोदन भएपश्चात् सम्बन्धित दातृ निकायलाई जानकारी गराउने निर्णय
**२०७६ असार ३०** : ओली नेतृत्वकै सरकारद्वारा एमसिसी सम्झौता संसद् सचिवालयमा दर्ता
**२०७८ फागुन ८** : सत्ता साझेदार नेकपा माओवादी केन्द्रको विरोध र प्रमुख प्रतिपक्षी नेकपा एमालेको नाराबाजी अवरोधबीच प्रतिनिधिसभामा अमेरिकी अनुदान सम्झौता एमसिसी पेस
**२०७८ फागुन १५** : देउवा नेतृत्वको सरकारद्वारा पेस गरिएको एमसिसी सम्झौता र सम्झौतामाथिको १२ बुँदे व्याख्यात्मक टिप्पणी प्रतिनिधिसभामा छलफलपछि बहुमतबाट अनुमोदन

### १२ बुँदेमा प्रधानमन्त्रीको आशंका

प्रधानमन्त्री पुष्पकमल दाहालले भने एमसिसी सम्झौता अनुमोदनका क्रममा संसद्ले पास गरेको १२ बुँदे व्याख्यात्मक टिप्पणी कार्यान्वयन हुनेमा आशंका रहेको बताएका छन् । संसद्बाट सर्वसम्मत रूपमा पास भएको १२ बुँदे व्याख्यात्मक टिप्पणी सदनको सम्पत्ति भएको दाहालको भनाइ थियो । 'यसलाई कार्यान्वयन गर्ने हुन्छ कि हुन्न भन्नेमा आशंका छ,' समाजवादी मोर्चाले मंगलबार बुटवलमा आयोजना गरेको कार्यक्रममा नेत्रविक्रम चन्दलगायतका नेताहरूले उठाएको आशंकामा सही थप्दै दाहालले भने । यसबारे उपाध्यक्ष एलफोर्डसँग आफूले कुरा राख्ने दाहालको भनाइ थियो । 'म व्याख्यात्मक टिप्पणीलाई सम्झौताको अंश बनाउने हो वा होइन सीधा भाषामा राख्नेछु । त्यसपछि के गर्नुपर्छ के हुन्छ भनेर मोर्चामा सल्लाह गरेर गरिन्छ,' दाहालले भने ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# भ्रमपूर्ण विज्ञापन प्रकाशन गर्ने दुई म्यानपावर निलम्बनमा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार ऐनविपरीत कार्य गर्ने दुईवटा म्यानपावर कम्पनीलाई कारबाही गरेको छ । विभागले सामाजिक सञ्जालमा भ्रमपूर्ण विज्ञापन गरेको भन्दै ओमेगा इन्टरनेसनल प्रालि र अक्सन इन्टरनेसनल (अवतार ह्युमन रिसोर्स) प्रालि लाई निलम्बन गरेको हो । यी दुवै कम्पनी विभागको स्वीकृतिविना सामाजिक सञ्जालमार्फत दक्ष नेपाली जनशक्तिलाई वैदेशिक रोजगारीमा पठाइदिने भन्दै सन्देहपूर्ण कारोबारमा संलग्न देखिएको जनाइएको छ ।

विभागले मंगलबार एक विज्ञप्ति जारी गरी वैदेशिक रोजगार ऐन २०६४ को दफा ६१ (७) बमोजिम निर्णय गरी सीपयुक्त दक्ष जनशक्तिलाई व्यक्तिगतरूपमा गन्तव्य मलुकमा पठाउने भन्दै शंकास्पद कार्य गर्ने ओमेगा इन्टरनेसनल र अक्सन इन्टरनेसनलाई निलम्बन गरेको जनाएको छ । उल्लिखित म्यानपावर कम्पनीहरूले विज्ञापन प्रकाशनपूर्व विभागबाट स्वीकृति नलिएका कारण निलम्बन गरी कारबाहीको दायरामा ल्याइएको विभागका निर्देशक एवं सूचना अधिकारी कविराज उप्रेतीले बताए । निलम्बनमा परेका म्यानपावर कम्पनीहरूले समाजिक सञ्जालमा भ्रमपूर्ण विज्ञापन प्रसारण गर्नेमात्र नभई शैक्षिक परामर्श दिने संस्थासमेत खोलेर 'वर्किङ भिसा'को प्रलोभन देखाई सन्देहपूर्ण कारोबार गरिरहेको पाइएको उनले जानकारी दिए ।

ओमेगा इन्टरनेसनलले पूर्वस्वीकृतिविना सामाजिक सञ्जाल (फेसबुक)मार्फत नेपाली डाक्टरहरूलाई वैदेशिक रोजगारीका लागि कुवेत पठाइदिने भन्दै भ्रमपूर्ण विज्ञापन गरेको विभागले जनाएको छ । उक्त कम्पनीले केही दिनअघि सामाजिक सञ्जालमार्फत विज्ञापन गरी कुवेतमा सीपयुक्त जनशक्ति (डाक्टर)को माग रहेको भन्दै ८७५ जनाका लागि आवेदन माग गरेको थियो । आकर्षक सेवा सुविधासहित डाक्टरलाई मासिक आठ लाख देखि १२ लाख ७० हजार रूपैयाँसम्म तलब हुने विज्ञापनमा उल्लेख गरिएको छ । अनलाइनको माध्यमबाट अन्तर्वार्ता लिएर डाक्टर छनोट गर्ने बताइए पनि मागपत्रसमेत प्रमाणीकरण नभएको बुझिएको छ ।




> विभागको स्वीकृतिविना सामाजिक सञ्जालमार्फत दक्ष नेपाली जनशक्तिलाई वैदेशिक रोजगारीमा पठाइदिने भन्दै सन्देहपूर्ण कारोबारमा संलग्न देखिएकोले निलम्बन गरिएको जानकारी

ठूलो संख्यामा दक्ष जनशक्ति विदेश पठाउने तयारी गरिरहेको म्यानपावर कम्पनीहरूले मागपत्र प्रमाणीकरण र विभागबाट पूर्वस्वीकृति नलिई विज्ञापन गरेको पाइएपछि विभाग कारबाहीमा उत्रिएको हो । पछिल्लो समय वैदेशिक रोजगार ऐन २०६४ बमोजिम मापदण्ड विपरीत गतिविधि गर्ने म्यानपावर कम्पनीविरुद्ध विभागले कडा कदम चालेको छ । विभागले यसअघि सामाजिक सञ्जालमा विज्ञापन प्रकाशनपूर्व विभागबाट स्वीकृति नलिएको भन्दै इजाजतपत्र प्राप्त म्यानपावर कम्पनी क्यापिटल रिक्रुटमेन्ट सर्भिसेज र इगल म्यानपावर कन्सल्टयान्टलाई जनही दुई लाख रूपैयाँ जरिवाना गरेको छ । यस्तै ऐनविपरीत गतिविधि गरेको र वैदेशिक रोजगारीमा पीडित भएकाहरूलाई क्षतिपूर्ति नदिएको कारण विभागले डि स्क्वायर ग्रुप र डिलक्स एचआर सोलुसन नामक दुईवटा म्यानपावर कम्पनीको इजाजतपत्र नै रद्द गरिदिएको थियो ।

विभागले वैदेशिक रोजगारीको नाममा सामाजिक सञ्जाल (फेसबुक, इन्स्टाग्राम, टिकटक)मा सूचना तथा विज्ञापन प्रकाशन गरी ठगी गर्ने घटना बढ्दै गएको भन्दै सचेत रहन सरोकावालाहरूमा आग्रह गर्दै आएको छ । त्यस्तै विभागको अनुमतिविना कुनै पनि माध्यमबाट वैदेशिक रोजगारसम्बन्धी विज्ञापन वा सूचना प्रकाशन गर्न नपाइने उल्लेख गरेको छ ।

पछिल्लो समय युरोपेली मुलुकमा आकर्षक तलब एवं सेवासुविधा प्राप्त हुने प्रलोभन देखाई सामाजिक सञ्जालमा हुने विज्ञापनको सूक्ष्म निगरानी गरिरहेको पनि विभागले उल्लेख गरेको छ । सामाजिक सञ्जालमा गैरकानुनी रूपमा वैदेशिक रोजगारीका विज्ञापनहरू आउन थालेपछि विभागले निगरानी गर्न सुरु गरेको सूचना अधिकारी उप्रेतीले बताए । उनका अनुसार भर्खरैमात्र सामाजिक सञ्जालमार्फत हुने अवैध सूचना तथा ठगी नियन्त्रणका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले एकजना उपसचिवको संयोजकत्वमा एउटा छुट्टै अध्ययन समिति पनि बनाएको छ ।

वैदेशिक रोजगारीका लागि जान इच्छुक नेपालीहरूलाई सामाजिक सञ्जालमा प्रकाशन/प्रसारण हुने भ्रमपूर्ण विज्ञापनमा विश्वास नगर्न पनि विभागले आग्रह गरेको छ । साथै प्रचलित ऐन कानुनविपरीत सामाजिक सञ्जालमा सूचना तथा विज्ञापन सम्प्रेषण नगर्न सचेत गराएको छ । त्यस्तो भ्रमपूर्ण सन्देश प्रवाह गरेमा कडा कारबाही गर्ने चेतावनीसमेत विभागले दिएको छ ।

**एसिया कपमा नेपाल**

# आज पहिलोपटक पाकिस्तानसँग खेल्दै



- एसिया कपको पहिलो खेलमै नम्बर एक राष्ट्रसँग खेल्न पाउनु नेपालका लागि ऐतिहासिक अवसर
- समूह चरणको दोस्रो खेल भारतसँग खेल्ने

**काठमाडौं (प्रस)–** एसिया कप क्रिकेटमा नेपालले आज पहिलो खेल खेल्दै छ । पहिलो खेलमा एकदिवसीय वरीयतामा विश्वको नम्बर एक राष्ट्र पाकिस्तानको सामना गर्दै छ । खेल नेपाली समयअनुसार आज दिउँसो सवा ३ बजे सुरु हुनेछ ।

घरेलु टोली पाकिस्तानसँग पनि नेपालको यो पहिलो भेट हुनेछ । नेपालले लामो समयको प्रतीक्षापछि एसिया कप खेल्न लागेको हो । त्यसैले पाकिस्तानसँगको यो खेल नेपाली क्रिकेटप्रेमीका लागि ऐतिहासिक र उत्साहपूर्ण रहने सरोकारवालाहरूको भनाइ छ ।

एसिया कपको पहिलो खेलमै नम्बर एक राष्ट्रसँग खेल्न पाउनु नेपालका लागि सुनौलो अवसर भएको उनीहरू बताउँछन् । पाकिस्तानसँगको खेल जितका लागि सहज नभए पनि नेपाललाई विश्वमाझ आफ्नो क्षमता उजागर गर्ने ऐतिहासिक अवसर हो । नेपालका लागि हार वा जितभन्दा पनि राम्रो क्रिकेट खेलेर विश्वलाई आफ्नो खेल कौशल क्षमताबाट प्रभाव छाड्नुपर्ने विश्लेषकहरूको भनाइ छ । यद्यपि, क्रिकेटमा नतिजा जे पनि हुन सक्छ । पाकिस्तान र श्रीलंकाले संयुक्तरूपमा आयोजना गरेको यो प्रतियोगितामा नेपालले पाकिस्तानविरुद्धको खेलपछि समूह चरणको दोस्रो खेल भारतसँग खेल्नेछ । भारत विश्व वरीयतामा तेस्रो स्थानमा छ । नेपाल भने १५औं स्थानमा छ ।

(क्रमशः पृष्ठ २ मा)

# युवालाई अभिप्रेरित गर्दै बिबिसीको ‘युथ फेस्टिभल’

■ प्रभाव संवाददाता

**काठमाडौं–** बियोण्ड बेइजिङ कमिटी (बिबिसी) नेपालले युवाहरूलाई समेट्दै ‘युथ फेस्टिभल’ सम्पन्न गरेको छ । युवाहरूलाई एक ठाउँमा जोड्दै उनीहरूको सिकाइ अनुभव आदानप्रदान गर्ने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरेको हो । अन्तर्राष्ट्रिय युवा दिवसको सन्दर्भमा सोमबार राजधानीमा आयोजित कार्यक्रममा विभिन्न क्षेत्रका युवाहरूले आ-आफ्ना अनुभव प्रस्तुत गरेका थिए ।

सबै युवाहरूलाई एक ठाउँमा जोड्दै एक अर्काको सिकाइ अनुभव साटासाट गर्ने र अभिप्रेरित गर्ने उद्देश्यका साथ कार्यक्रम आयोजना गरिएको आयोजकले जानकारी दिएको छ । कार्यक्रममा स्वागत मन्तव्य राख्दै बिबिसीकी बोर्ड सदस्य सुष्मा श्रेष्ठले बिबिसीले स्थापनाकालबाटै युवाहरूमाझ काम गर्दै आएको बताइन् । युवाहरूबीच रहेको लैंगिक तथा विभिन्न विभेद अन्त्य गर्ने लक्ष्यका साथ कार्यक्रम तय गरिएको उनले बताइन् । ‘केही समययता रोजगार र पढाइको



सिलसिलामा युवाहरू विदेश पलायन हुने प्रवृत्ति बढेको छ । यो प्रवृत्ति रोकेर स्वदेशमै रोजगारमूलक अभियानमा जोडिनु आजको आवश्यकता हो,’ श्रेष्ठले भनिन् ।

एक सय जनाभन्दा बढी युवाहरू सहभागी उक्त कार्यक्रममा ब्लु डाइमण्ड सोसाइटीका युवाहरूले नृत्य नाटक प्रस्तुत गरेका थिए । त्यस्तै छोरीको कथामा आधारित लघु चलचित्र ‘डटर’ अर्थात् छोरी पनि प्रदर्शन गरियो । लैंगिक असमानता र भेदभावको सेरोफेरोमा आधारित उक्त चलचित्र मिडिया पोर्टले निर्माण गरेको थियो ।

यसैगरी बिबिसीले सांकेतिक भाषामा तयार गरेको महिनावारी हुँदा प्रयोग गर्ने सामग्रीबारे जनचेतनामूलक भिडियोसमेत सार्वजनिक गरियो । कार्यक्रममा विपना श्रेष्ठले युथ इ-लर्निङ कोर्सबारे जानकारी दिइन् । प्रजनन स्वास्थ्य अधिकारका क्षेत्रमा कर्णाली प्रदेशमा कार्यरत अजबबहादुर शाहीले आफ्नो अनुभव राखेका थिए । आरएचआएनका संयोजक राजेन्द्र महर्जनले पनि आफ्नो अनुभव सुनाएका थिए ।

## एमसिसी..

पृष्ठ १ बाट जारी

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले एमसिसी यथावत् पास हुने अवस्थामा पुगेकाले संसद्बाट १२ बुँदे व्याख्यात्मक टिप्पणीसहित पारित गरेको स्मरण गर्दै त्यसरी पास गरेको कुरालाई अमेरिकाले अस्वीकार गरेको हो भने प्रधानमन्त्रीले जनतालाई जानकारी गराउनुपर्ने बताए ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले व्याख्यात्मक विश्लेषणलाई त्यतिबेला भ्रमात्मक भएको दाबी गरेको थियो । पूर्वप्रधानमन्त्रीसमेत रहेका नेपालले अमेरिकाले आर्थिक सहयोगका नाममा राखेका अनुचित स्वार्थ मान्न नसकिने बताए । उनले व्याख्यात्मक टिप्पणीमार्फत एमसिसी पास गरेको भन्दै त्यसमा नेपाल कुनै पनि सैन्य गठबन्धनमा जान नसक्ने उल्लेख गरिएको प्रस्ट पारे । नेकपाका महासचिव चन्दले एमसिसी लागू गर्ने नाममा अमेरिकाको गुलाम बन्न नसकिने भन्दै त्यो अहिलेको अवस्थामा लागू गर्न नसकिने बताए । उनले प्रधानमन्त्री दाहाललाई नेपालको स्वतन्त्र स्वाधीनताको पक्षमा प्रस्ट भएर उभिन आग्रह गरेका थिए ।

एमाले र माओवादी मिलेर बनेको नेकपाकालमा ओली नेतृत्वको सरकार हुँदा एमसिसीलाई संसद्बाटै पास गराउन नहुने वा पास गराए पनि धेरै बुँदा संशोधन गरेरमात्रै पास गराउनुपर्नेमा दाहालको अडान थियो । नेकपाकै अध्यक्ष रहेका दाहालसहित नेपाल, झलनाथ खनाल र वामदेव गौतम पक्षधरका नेताहरू एमसिसी पनि इण्डो प्यासिफिक स्ट्राटेजीकै एक हिस्सा रहेको भन्दै असंलग्न नीतिमा अडिग नेपालले एमसिसीमा सहभागिता जनाउन नहुने र एमसिसीलाई स्वीकार गर्दा स्वतः इण्डो-प्यासिफिक स्ट्राटेजी स्वीकार गरेको ठहरिने भन्दै यसको विरोध गरेका थिए । नेकपाको सचिवालय बैठकमा नेताहरू भीम रावल, देव गुरुङ लगायतका नेताले एमसिसीको चर्को विरोध गरेका थिए ।

**व्याख्यात्मक टिप्पणीमा सहमत : अमेरिका**

प्रधानमन्त्री दाहालले नै यसबारे प्रश्न उठाएपछि अमेरिकाले सम्झौताको व्याख्यात्मक टिप्पणीसँग सहमत रहेको जनाएको छ । एलफोर्ड काठमाडौं आइपुगेको केहीबेरमै अमेरिकी दूतावासले १२ बुँदे व्याख्यात्मक टिप्पणीसँग आफूहरू सहमत रहेको जनाएको हो ।

नेपालको नेतृत्वदायी भूमिका रहेको यस एमसिसी सम्झौताको प्रगतिबाट अमेरिकी सरकार उत्साहित भएको यहाँस्थित अमेरिकी दूतावासले जनाएको छ । नेपालमा एमसिसीको कार्य अवधिभर बृहत्तर सरोकारवाला, नेपालका सरकार र राजनीतिक दलहरूको निरन्तर सहयोगबाट मात्र यो सम्भव भएको दूतावासले जनाएको छ । ‘यस सम्झौताको सफल कार्यान्वयन सुनिश्चित गर्न एमसिए-नेपालसँग साझेदारी गर्न हामी प्रतिबद्ध छौं । साथै, सम्झौताका लक्ष्य समयमै हासिल गर्न संलग्न सबैले लगनशीलताका साथ काम गरिरहेका छौं,’ दूतावासले मंगलबार जारी गरेको विज्ञप्तिमा उल्लेख गरेको छ ।

प्रतिनिधिसभाले २०७८ फागुन १५ मा १२ बुँदे व्याख्यात्मक टिप्पणीसहित एमसिसी सम्झौता अनुमोदन गरेको थियो । अनुमोदनपछि सोही दिन बेलुकी अमेरिकी दूतावासले स्वागत गरेको थियो । २०६८ मा डा. बाबुराम भट्टराई प्रधानमन्त्री छँदा यो परियोजनाका लागि छनोटमा परेकोमा एमसिसी सम्झौता २०७४ भदौ २९ गते शेरबहादुर देउवा प्रधानमन्त्री भएको बेला भएको हो । माओवादी र नेकपा एमालेको चर्को नाराबाजीका बीच देउवा नेतृत्वको सरकारले २०७८ फागुन ८ गते एमसिसी सदनमा पेस गरेको थियो । त्यतिबेला माओवादी सत्ता साझेदार रहेको थियो । एक हप्तापछि अनुदान सम्झौता १२ बुँदे व्याख्यात्मक टिप्पणीसहित बहुमतले अनुमोदन भयो । एमसिसी मुख्यालयले पनि १२ बुँदे व्याख्यात्मक टिप्पणीको त्यतिखेरै स्वागत गरेको थियो ।

## आज पहिलोपटक...

पृष्ठ १ बाट जारी

गत वैशाखमा सम्पन्न एसिसी प्रिमियर कपमा च्याम्पियन बनेपछि नेपाल एसिया कपका लागि छनोट भएको हो । उक्त प्रतियोगिताको फाइनल खेलमा नेपालले संयुक्त अरब इमिरेट्स (युएई)लाई सात विकेटले पराजित गरेको थियो । एसिया कपमा १३ खेलमध्ये चार खेल पाकिस्तानमा हुनेछन् भने बाँकी नौ खेल श्रीलंकामा हुनेछन् । प्रतियोगितामा छ राष्ट्रको सहभागिता रहनेछ ।

दुई समूहमा विभाजन गरिएको उक्त प्रतियोगिताको समूह ‘ए’ नेपाल, भारत र पाकिस्तान तथा समूह ‘बी’ मा बंगलादेश, श्रीलंका र अफगानिस्तान छन् ।

नेपाली टोलीमा कप्तान रोहितकुमार पौडेल, आशिफ शेख, कुशल भुर्तेल, सन्दीप लामिछाने, ललितनारायण राजवंशी, भीम सार्की, कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, करण केसी, गुल्सन झा, आरिफ शेख, सोमपाल कामी, अर्जुन साउद, प्रतिश जिसी, किशोर महतो, सन्दीप जोरा र श्याम ढकाल रहेका छन् ।


## चम्किला तारा महिला बचत तथा ऋण सहकारी संस्था

चन्द्रागिरी नगरपालिका १२, बलम्बु, काठमाडौं ।

फोनं. ०१-४३१२२०२

### कर्जा चुक्ताको ३५ दिने सूचना

**प्रकाशित मिति : २०८०/०५/१३**

लिखित ताकेता गर्दा समेत ऋण कर्जा तिर्न नआउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफुले बुझाउनु पर्ने रकम तिर्न वा बुझाउन आउनु होला । अन्यथा बागमति प्रदेश सहकारी ऐन २०७६ को दफा ६४, बागमती प्रदेश सहकारी नियमावली २०७६ को दफा १९ र संस्थाको विनियम एवं नीति बमोजिम कानुनी प्रक्रिया अवलम्बन गरिने ब्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | ऋणीको नाम र ठेगाना | ऋणीको फोटो |
|---|---|---|
| १ | **ऋणीको नाम** : कृष्ण प्रसाद घिमिरे<br>**पिता** : बलभन्द्र घिमिरे<br>**बाजे** : जुदु प्रसाद घिमिरे<br>**ना.प्र.नं.**: १२१६/१४८००/४७५७/२०३३८<br>**जिल्ला** : काठमाडौं<br>**ठेगाना** : तारकेश्वर न.पा.-३ |  |
| २ | **ऋणीको नाम** : अभिषेक श्रेष्ठ<br>**पिता** : मनोज कुमार श्रेष्ठ<br>**बाजे** : तरिभाई श्रेष्ठ<br>**ना.प्र.नं.**: २७१०४५/३२४८२/४०७३०<br>**जिल्ला** : काडमाडौं<br>**ठेगाना** : च.न.पा.-१२ |  |
| ३ | **ऋणीको नाम** : यक बहादुर थापा मगर<br>**पिता** : धन बहादुर थापा मगर<br>**बाजे** : सानुमान थापा मगर<br>**ना.प्र.नं.**: ६३३२६<br>**जिल्ला** : रामेछाप<br>**ठेगाना** : टोकरपुर-८<br>**हाल** : च.न.पा.३, काठमाडौं |  |
| ४ | **ऋणीको नाम** : यम बहादुर मुखिया कुमाल<br>**पिता** : शोमे कुमाल<br>**बाजे** : लक्ष्य कुमाल<br>**ना.प्र.नं.**: ३९/०१/१७<br>**जिल्ला** : पाल्पा<br>**ठेगाना** : ख्याहा गा.वि.स.३<br>**अस्थाई** : च.न.पा.३, काडमाडौं |  |
| ५ | **ऋणीको नाम** : सुकुमाया गोले<br>**पिता** : भीम बहादुर मुत्तान<br>**बाजे** : धर्म सिह मुत्तान ना.प्र.नं.:५६/३७११<br>**जिल्ला** : मकवापुर<br>**ठेगाना** : मकवापुरगढी, ९<br>**अस्थाई** :च.न.पा.३, काडमाडौं |  |
| ६ | **ऋणीको नाम** : एलिसा श्रेष्ठ<br>**पिता** : उज्वल महर्जन<br>**बाजे**:रामचन्द्रमहर्जनना.प्र.नं.:२७१०४५/३२१५४<br>**जिल्ला** : काठमाडौं<br>**स्थाई** : बलम्बु.-६, काठमाडौं |  |

**पुनश्च** : यस सस्थाबाट ऋण लिई किस्ता बुझाउन बाँकि रहेका सम्पूर्ण सदस्यहरुलाई समेत यसै सूचना मार्फत ऋणको किस्ता तथा व्याज समयमानै बुझाउन अनुरोध गर्दछु ।



## अधिकतम खुद्रा मूल्य MRP प्रकाशनको सूचना

Date: 2080/05/13

यस फर्म कम्पनिले (China) बाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| सि. नं. | मालवस्तुहरूको विवरण | आकार / प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मूलक / राष्ट्र | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा मूल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air conditioner unit | | Sakura | GSC-12HA | 1 ton | china | 280 set | Nrs. 65,959.38 | | |

**बिक्रेता फर्मको नाम : Airo Tech Pvt. Ltd.** एक्जीम कोड नं : 6043088360149NP

**ठेगाना** : Sundar Basti, Bhangal, Budhanilkantha, Kathmandu **फोन नं : 9851071941**



## केरुङ्ग बचत तथा ऋण सहकारी संस्था लिमिटेडको कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सुचना

का.म.न.पा वडा नं.२७ महाबौद्ध,

प्रथम पटक प्रकाशित मिति २०८०/०५/१३

कर्जा चुक्तागर्न आउने तपशिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जाको तोकिएको समय अवधिभित्रमा कर्जाको साँवा,ब्याज हर्जना रकम समेतको रकम भुक्तानी नगर्नु भएकोले पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत कर्जा नतिरी ऋणीले कर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋण कर्जा चुक्तागर्न, भुक्तान गर्ने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवाब्याज र हर्जना समेतको रकम यो सूचना प्रकाशित भएको मितिले ३५ (पौंतीस) दिन भित्र बुझाउनु हुन सम्बन्धित ऋणी, धितो जमाजी दिने र व्यक्तिगत जमानी दिने समेतलाई रकम चुक्ता गर्न सुचित गरिन्छ । यदि तोकिएको समय अवधिभित्र बक्यौता रकम चुक्ता नगरेमा सहकारी ऐन, २०७४ र सहकारी नियमावली २०७५ बमोजिम ऋणीले यस संस्थालाई धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी कर्जा असूलउपर गर्ने प्रकृया अगाडि बढाउने छ र सो सम्पत्तिबाट संस्थाको सम्पूर्ण लेना रकम असुलउपर हुन नसके निज ऋणीको अन्य चल तथा अचल सम्पत्तिबाट समेत प्रचलित कानुन बमोजिम लेना रकम असुलउपर गरी ऋणी तथा सम्बन्धित जमानी कर्ताहरुलाई कर्जा सूचना केन्द्रको कालो सुचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा पूर्व जानकारी गराउँदछौं ।

तपशिल

| सि.नं. | ऋणीको विवरण | | सि.नं. | जमानीको विवरण | |
|---|---|---|---|---|---|
| १. | नाम : उद्धव प्रसाद चिमरिया<br>बुबा : कृष्ण प्रसाद चिमरीया<br>बाजे : बद्रिनाथ चिमरीया<br>ठेगाना: जिल्ला रौतहट, सन्तपुर गा.वि.स. वडा नं.६ हाल अनामनगर काठमाण्डौ, नागरिकता नं. ३२८७जारी मिति २०३७/१२/२३ रौतहट, गौर कर्जा शिर्षक: घर जग्गा खरीद(रियलस्टेट) |  | १. | नाम : विष्णु कुमारी कार्की<br>पति : उद्धव प्रसाद चिमरिया<br>ससुरा : कृष्ण प्रसाद चिमरिया<br>ठेगाना : जिल्ला कैलाली,<br>धनगढी नगरपालीका वडा नं.३ हाल अनामनगर काठमाण्डौं नागरिकता नं. ३१९८३ जारी मिति २०५६/०८/२७ कैलाली, |  |
| २. | नाम : विष्णु कुमारी कार्की<br>पति : उद्धव प्रसाद चिमरिया<br>ससुरा : कृष्ण प्रसाद चिमरीया<br>ठेगाना : जिल्ला कैलाली,धनगढी<br>नगरपालीका वडा नं.३ हाल अनामनगर काठमाण्डौं नागरिकता नं. ३१९८३ जारी मिति २०५६/०८/२७ कैलाली, कर्जा शिर्षक: घर जग्गा खरीद(रियलस्टेट) |  | २. | नाम : उद्धव प्रसाद चिमरिया<br>बुबा : कृष्ण प्रसाद चिमरीया<br>बाजे : बद्रिनाथ चिमरीया<br>ठेगाना: जिल्ला रौतहट, सन्तपुर गा.वि.स. वडा नं.६ हाल अनामनगर काठमाण्डौ, नागरिकता नं. ३२८७जारी मिति २०३७/१२/२३ रौतहट, गौर |  |
| ३. | नाम : विन्दा कुमारी भट्टराई<br>पति : नवराज पराजुली<br>ससुरा : भवनाथ पराजुली<br>ठेगाना : जिल्ला सर्लाही,<br>साविक : रानीगन्ज गा.वि.स. वडा नं.३ नागरिकता नं. ७८२३०६९४ जारी मिति २०६१/११/२४ इ.प्र.का.हरिवन सर्लाही,<br>कर्जा शिर्षक: घर जग्गा खरीद(रियलस्टेट) |  | ३.१ | नाम : नवराज पराजुली<br>बुबा : भवनाथ पराजुली<br>बाजे : कर्णाखर पराजुली<br>ठेगाना : सोलुखुम्बु जिल्ला,<br>साविक : सल्यान गा.वि.स.वडा नं.४ नागरिकता नं.३८२६ जारी मिति २०६०/०१/२८ सोलुखुम्बु |  |
| | | | ३.२ | नाम : कृष्ण प्रसाद दहाल<br>बुबा : निरा प्रसाद दहाल<br>बाजे : चन्द्र कान्त दहाल<br>ठेगाना : जिल्ला सर्लाही, लालबन्दी<br>नगरपालीका वडा नं.१६ नागरिकता नं.६९८२३०७० जारी मिति २०५२/०७/२८ इ.प्र.का. हरिवन सर्लाही, |  |
| | | | ३.३ | नाम : नवराज अधिकारी<br>बुबा : गोविन्द प्रसाद अधिकारी<br>बाजे : वृद्धिलाल अधिकारी<br>ठेगाना : जिल्ला सर्लाही, साविक: परवानीपुर गा.वि.स. वडा नं.६ नागरिकता नं. ६९८२०१९९ जारी मिति २०५६/०८/१० इ.प्र.का. हरिवन, सर्लाही |  |
| ४. | नाम : दिपेन्द्र प्रसाद पौडेल<br>बुबा : नारायण प्रसाद पौडेल<br>बाजे : टीका प्रसाद पौडेल<br>ठेगाना : जिल्ला महोत्तरी, विजलपुरा गा.वि.स. वडा नं.८ हाल कागेश्वरी मनहरा-१३ नागरिकता नं. ६१३६ जारी मिति २०४२/१२/२५ महोत्तरी |  | ४. | | |
| ५. | नाम : मनोज कुमार खड्का<br>बुबा : नरेन्द्र राज खड्का<br>बाजे : वखत बहादुर खड्का<br>ठेगाना : जिल्ला खोटाङ,<br>साविक : सप्तेश्वर गा.वि.स. वडा नं.३ नागरिकता नं. १००९६ जारी मिति २०५०/११/०६ मोरंग,<br>कर्जा शिर्षक : व्यावसायिक धितो कर्जा |  | ५.१ | नाम : सपना दहाल<br>पति : मनोज कुमार खड्का<br>ससुरा : नरेन्द्र राज खड्का<br>ठेगाना : जिल्ला काठमाण्डौं, काठमाण्डौं महानगरपालीका वडा नं.३१ नागरिकता नं.०६३०१४/१२६९ जारी मिति २०६३/११/०५ जि.प्र.का.सुनसरी |  |
| ६. | नाम : कृष्ण गिरी<br>बुबा : हरिनन्द गिरी<br>बाजे : चुडामणि गिरी<br>ठेगाना : जिल्ला चितवन, चैनपुर गा.वि.स. वडा नं.८ नागरिकता नं. ८१५६/८६२ जारी मिति २०६२/०४/१७ चितवन,<br>कर्जा शिर्षक: व्यवसायिक धितो कर्जा |  | ६.१ | नाम : सजना गिरी<br>पति : कृष्ण गिरी<br>ससुरा : हरिनन्द गिरी<br>ठेगाना : जिल्ला चितवन,<br>चैनपुर गा.वि.स. वडा नं.८ नागरिकता नं.१०१५/१२२२ जारी मिति २०६८/११/११ चितवन |  |
| | | | ६.२ | नाम : सन्तवीर मोक्तान<br>बुबा : डिल बहादुर मोक्तान<br>बाजे : सुकवीर मोक्तान<br>ठेगाना : जिल्ला काठमाण्डौ, काठमाण्डौं महानगरपालीका वडा नं.२२ महाबौद्ध, |  |
| ७. | नाम : मोतीनारां कवाँ<br>बुबा : न्हुच्छे कवाँ<br>बाजे : हर्क वहादुर कवाँ<br>ठेगाना : जिल्ला भक्तपुर,<br>भक्तपुर नगरपालीका वडा नं.७ ब्यासी<br>नागरिकता नं. ५२८५जारी मिति २०४२/०८/१८ भक्तपुर,<br>कर्जा शिर्षक: व्यावसायिक धितो कर्जा |  | ७.१ | नाम : पुर्ण लक्ष्मीमाक<br>पति : मोतीनारां कवाँ<br>बुवा : इन्द्रलाल माक<br>ठेगाना : जिल्ला भक्तपुर, भक्तपुर नगरपालीका वडा नं.७ब्यासी, |  |
| | | | ७.२ | नाम : इरज कवाँ<br>बुवा : मोतीनारा कवाँ<br>बाजे : न्हुच्छे कवाँ<br>ठेगाना : जिल्ला भक्तपुर, भक्तपुर नगरपालीका वडा नं.७ब्यासी, |  |
| | | | ७.३ | नाम : विकेश कवाँ<br>बुवा : मोतीनारां कवाँ<br>बाजे : न्हुच्छे कवाँ<br>ठेगाना : जिल्ला भक्तपुर, भक्तपुर नगरपालीका वडा नं.७ ब्यासी, |  |
| | | | ७.४ | नाम : मनोज कुमार खड्का<br>बुवा : नरेन्द्र राज खड्का<br>बाजे : बखत बहादुर खड्का<br>ठेगाना : जिल्ला खोटाङ्ग, सप्तेश्वर गा.वि.स. वडा नं.३ नागरिकता नं. १००९६ जारी मिति २०५०/११/०६ मोरङ्ग, |  |
| ८. | नाम : रविना कुमारी रेग्मी<br>पति : निरज अधिकारी<br>बुवा : काँशीनाथ रेग्मी<br>ठेगाना : जिल्ला महोत्तरी, वर्दिवास नगरपालीका वडा नं. ९<br>कर्जा शिर्षक: व्यावसायिक धितो कजा |  | ८.१ | नाम : निरज अधिकारी<br>बुवा : युवराज अधिकारी<br>बाजे : जय प्रसाद अधिकारी<br>ठेगाना : जिल्ला महोत्तरी, बर्दिवास नगरपालीका वडा नं.९ |  |
| | | | ८.२ | नाम : युवराज अधिकारी<br>बुवा : जय प्रसाद अधिकारी<br>बाजे : इन्द्र प्रसाद अधिकारी<br>ठेगाना : जिल्ला महोत्तरी, बर्दिवास नगरपालीका वडा नं.९ |  |
| | | | ८.३ | नाम : जनक कुमार कार्की<br>बुवा : दुर्गा बहादुर कार्की<br>बाजे : कृष्ण बहादुर कार्की<br>ठेगाना : जिल्ला धनुषा, मिथिला नगरपालीका वडा नं.६ ढल्केवर, |  |

केरुङ्ग बचत तथा ऋण सहकारी संस्था लिमिटेड

का.म.न.पा वडा नं.२७ महाबौद्ध,

# मासिँदै छन् बुद्धकालीन पोखरी

■ रामविकास चौधरी

**लुम्बिनी–** 'कुनैबेला खानेपानी तथा सिँचाइका सुविधासँगै पोखरीमा चराहरूको बास हुन्थ्यो । बसमुर्गी, लालसर, पटेरा, आदि चराको चहलपहलबीच सिकारका सौखिनहरूको गुलेली र बन्दुक पनि पड्किएको मनमोहन चौधरीलाई झझल्को आइरहन्छ । त्यतिबेला कमलका फूलको मनोरम देखिने पोखरीहरूमा अहिले धार्मिक अनुष्ठानका बेला कमलका फूल पाउन मुस्किल छ भने भोजभतेरका बेला खाने थालीका लागि पुरैनीको पात टिप्नेहरूको भीड पनि देखिन छाडेको उनी बताउँछन् ।

लुम्बिनी सांस्कृतिक नगरपालिकाका पूर्वप्रमुखसमेत रहेका चौधरीले भने, 'त्यतिबेला प्रत्येक वर्ष वैदिक क्रियापश्चात् निश्चित तिथिमा पोखरीमा माछा मार्ने जाल हालिन्थ्यो, अनि गाउँभरिका भान्सामा पकवानको सुगन्ध छरिन्थ्यो ।'

'आफ्नो अंशबाट सैयौं हेक्टर जमिन सिँचाइ गर्ने तथा धार्मिक प्रयोजनमा प्रयोग हुने पोखरीहरू अहिले अतिक्रमणको सिकार बनेका छन्,' अधिकारकर्मी रामदयाल ठाकुरले भने, 'सन् १९६७ लगायत ठूल्ठूला खडेरीमा पनि भरीभराउ रहने पोखरीहरूमा अहिलो धाँजो र हिलोमात्र देखिन्छ ।'

पोखरीले खानेपानी, सिँचाइ सुविधाको साथै पशुपक्षीले आहाल खेल्न पाउनुका साथै जमिनमुनिको पानी भरण, डढेलो नियन्त्रण र पर्यावरण संरक्षणमा योगदान पुग्दछ । यहाँका केही पोखरी बुद्धकाल त केही सेनवंशीय शासनकालमा खनिएको र सिंगो गाउँले मिलेर त्यसको संरक्षण गर्दै आएका छन् । कपिलवस्तु नगरपालिका–३ का ७८ वर्षीय अधिकारकर्मी ठाकुरले भने, 'मैले मेरो जवानीकालसम्म यहाँ कुनै पनि पोखरी र ताल–तलैया सुकेको देखेको थिइनँ । कालक्रममा सरसफाइ तथा जीर्णोद्धार नहुँदा केही पुरिन थाले भने अधिकांश अतिक्रमणका सिकार भएर साँघुरिदै गएका छन् ।'

कपिलवस्तु जिल्लाको यशोधरा गाउँपालिका वडा नं. १, २ र ३ मा मात्रै ६० वटा सार्वजनिक पोखरी रहेको बताउँदै 'जीवन सुधार परियोजना'का अधिकृत रमेश कुर्मीले पोखरी तथा जलाधार क्षेत्र संरक्षणसम्बन्धी नीतिगत व्यवस्था नहुँदा नासिँदै गएको बताउँछन् । 'युनाइटेड मिसन टु नेपाल'को सहयोगमा 'दलित सामाजिक विकास केन्द्र कपिलवस्तु'द्वारा यशोधरा गाउँपालिकाका तीनवटा वडामा सञ्चालित 'जीवन सुधार परियोजना'ले पोखरी तथा जलाधार क्षेत्र संरक्षण गर्न त्यहाँका आठ सार्वजनिक र आठवटा निजी पोखरी व्यवस्थापन गर्ने कार्य थालेको छ । सामुदायिक विपद् व्यवस्थापन समिति राष्ट्रिय सञ्जालका अध्यक्ष जगन्नाथ कुर्मीका अनुसार झण्डै दुई बिघामा फैलिएका पोखरी अहिले १६-१७ कट्ठामा खुम्चिएका छन् । बढ्दो आवादीसँगै साँघुरिँदै बाँकी रहेका पोखरीको भाग पनि मास्दै कहीँ खेल मैदान त कहीँ कार्यालयका भवन बनेका छन् । 'निर्माण कार्य हुँदै गर्दा पर्यावरणकोसमेत ख्याल गरिएको छैन,' कुर्मीले भने, 'निर्माण कार्यपछि सिँचाइ र धार्मिक अनुष्ठानलगायतका कार्य प्रभावित भएका छन् ।'

निर्माण कार्य हुँदै गर्दा सिँचाइ, जलचर तथा पोखरीको पुरातात्त्विक महत्त्वसमेतको ख्याल गरिएको छैन । सिमसार तथा वातावरणसम्बन्धी राष्ट्रिय नीति तथा अन्तर्राष्ट्रिय सन्धिहरूले पनि सिमसार तथा जलाधार क्षेत्रभित्र पर्ने जग्गामा उत्खननजन्य कार्य गर्न प्रतिबन्ध लगाएको छ । 'पोखरी विनासले प्राचीन सभ्यता र मानव जीवनसँगै पशुपक्षीको अस्तित्त्व पनि संकटमा छ । जलचरहरू घटदै छन्, पानीको समस्या बढ्दो छ,' उनले भने । स्थानीय सरकारले पनि यसतर्फ चासो नदेखाएको उनको गुनासो छ ।

कुर्मीका अनुसार, मर्चवारी गाउँपालिका–२ अमवास्थित बुद्धकालीन पोखरी (सगरा) पुरेर लुम्बिनी प्रदेश सरकारको ३६ लाख रूपैयाँ अनुदानबाट गाउँपालिकाले खेल मैदान बनाएको छ । त्यसैगरी सम्मरीमाइले फरेनास्थित प्राचीन पोखरी अतिक्रमण गरी गाउँपालिकाको प्रशासनिक भवन ठडयाएको छ । अध्यक्ष कुर्मीले सरोकारवालाको ध्यानाकर्षणका बाबजुद पनि रूपन्देहीको तिलोत्तमा नगरपालिकाले मदरहनी गाउँको मध्यभागमा रहेको धार्मिक तथा पुरातात्त्विक महत्त्वको पोखरीमाथि ११ नम्बर वडा कार्यालयको भवन निर्माण गरेको बताउँछन् । पुरातत्त्व विभागले २०७६ माघ १३ गते तिलोत्तमा नगरपालिका, रूपन्देहीको नाममा एक पत्र पठाई निर्माण कार्य रोक्का गर्न निर्देशन गरेको थियो । विभागको सो आदेशका बाबजुद पनि निर्माण कार्य रोकिएन ।

त्रेता युगमा अयोध्या र मिथिला तथा पछिल्लो समयमा कपिलवस्तु राज्यलाई कृषि क्रान्तिका लागि उत्तम मानिन्छ । त्यसका लागि तत्कालीन कपिलवस्तुका राजाले आफ्नो राज्य सीमाभित्र हजारौं पानीपोखरी निर्माण गरी सिँचाइ र खानेपानीको प्रबन्ध मिलाएका कोहारले सुनाए ।

लुम्बिनी प्रदेश सरकारले पहाडमा 'एक वडा, एक पोखरी' र तराई–मधेसमा 'एक गाउँ एक पोखरी'को लक्ष्यलाई आफ्नो नीति तथा कार्यक्रममै समावेश गरे पनि स्थानीय सरकार यसतर्फ उदासीन बनेको उनको भनाइ छ । लुम्बिनी प्रदेशका पूर्वमन्त्री तथा प्रदेशसभा सदस्य बसिउद्दी खाँले भने, 'अब गड्हा–पोखरीलगायतका जलाशय पुनर्निर्माणका लागि विस्तृत कार्ययोजना बनाउन आवश्यक छ । यसबाट कृषि क्रान्ति तथा भूजलस्तर सुरक्षाका साथै मजदुर वर्ग र मत्स्यपालनलाई पनि टेवा मिल्नेछ ।'

### वैज्ञानिक तवरबाट समाधान खोज्न विज्ञको सुझाव

वीरेन्द्रनगरका तल्लो क्षेत्रमा डुबान र बाढीको समस्याको दिगो समाधानका लागि बस्ती व्यवस्थापन वैज्ञानिक ढंगले गर्नुपर्ने विज्ञहरूले सुझाव दिएका छन् । मध्यपश्चिम विश्वविद्यालयमा वन वातावरण र विपद् व्यवस्थापन अध्यापन गराइरहेका उपप्राध्यापक खगेन्द्र रावल अहिले वीरेन्द्रनगरमा जथाभावी बस्ती बसाइएको भन्दै खोलालाई नालाका रूपमा रूपान्तरण गर्दै लैजाँदा डुबान र बाढीको समस्या समाधान बढ्दै गएको बताउँछन् ।

'सुर्खेतको माथिल्लो क्षेत्रबाटै बस्ती व्यवस्थापन आवश्यक छ । इत्राम खोला, खोक्रे खोलालाई चेप्दै लिएर नालाजस्तो बनाइएको छ । यसकारण बाढी र डुबानको समस्या झनै निम्तिँदै गएको हो,' उनले भने ।

दिगो विकासको अवधारणालाई आत्मसात् गरेरमात्रै विकास गर्नुपर्ने भन्दै तीन तहकै सरकारको सहकार्यमा यसको समाधान खोजिनुपर्ने उनको सुझाव छ । 'मानिसलाई अहिले नै सबै कुरा चाहिएको छ, यही अवस्थाबाट हामी जाने हो भने सुर्खेतको अवस्था झनै खराब बन्दै जाने छ, अहिले बाँध बनाएर तत्काल समाधान खोजेर हुँदैन दिगो समाधान खोज्नुपर्छ,' उनले भने ।

वीरेन्द्रनगर नगरपालिकाले भने तल्लो क्षेत्रमा हुने डुबान समस्याको दिगो समाधानका लागि रणनीतिक योजना निर्माण गरिएको दाबी गरेको छ । यस क्षेत्रमा भइरहने डुबानको समस्या समाधानका लागि नगरपालिकाको नीति कार्यक्रममै समावेश गरी काम थालिएको नगर उपप्रमुख नीलकण्ठ खनालको दाबी छ ।

बर्सेनि डुबान हुने डुबानको समस्यालाई मध्यनजर गर्दै तटबन्ध निर्माणसँगै अन्य रणनीतिक योजना निर्माण गरी काम भइरहेको उपप्रमुख खनालको भनाइ छ । 'विपद्सँग काम गर्ने तयार नेपाल संस्था पनि हामीसँग जोडिएको छ, उक्त संस्थाले यहाँको अध्ययन र नक्सांकन गरिरहेको छ, त्यसपछि अझै व्यवस्थित ढंगले दिगो समाधान हुनेगरी काम गर्छौं,' उनले भने ।

केही दिन अगाडिको लगातार वर्षाले त्यस क्षेत्रमा डुबान सुरु भएपछि कर्णाली प्रदेशसभामासमेत यो विषयले चर्चा पाएको थियो । सांसदहरूले वीरेन्द्रनगरको दक्षिणी क्षेत्रमा भइरहने डुबानको दिगो समाधानका लागि प्रदेश सरकारको ध्यानाकर्षण गराएका थिए । राष्ट्रिय विपद् प्राधिकरणले पनि कर्णालीका नौ जिल्ला पहिरो र सुर्खेत बाढीको उच्च जोखिममा रहेको भन्दै सोहीअनुसारको प्रतिकार्य योजना बनाउन यसअघि नै सुझाव दिइसकेको छ । २०७१ साउनको अन्तिममा आएको बाढी र डुबानबाट सुर्खेतभर ११५ जनाको ज्यान गएको थियो भने ६७५ घर क्षति हुँदा ११ अर्ब रूपैयाँको सम्पत्ति नष्ट भएको सरकारी तथ्यांक छ । *रासस*

## 'कोशी प्रदेशमा राप्रपाले सघाउने कुरा असम्भव'

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री राजेन्द्र लिङ्देनले कोशी प्रदेशमा राप्रपाले चाहेर पनि अहिलेको सरकारलाई सहयोग गर्ने वा विश्वासको मत दिने चरण समाप्त भइसकेको बताएका छन् ।

युएई र साउदी अरबको भ्रमण सकेर मंगलबार स्वदेश फर्किने क्रममा अध्यक्ष लिङ्देनले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै सो कुरा बताएका हुन् । 'कतिपय ठाउँमा जिम्मेवार व्यक्तिले सभामुख र एउटा मन्त्री लिने र राप्रपाले अहिलेको गठबन्धनलाई कोशी प्रदेशमा सघाउने टुंगो लाग्यो भन्ने जस्ता प्रचार भए । प्रक्रियाको हिसाबले नै अब राप्रपाले चाहेर पनि सहयोग गर्ने चरण नै समाप्त भइसकेको छ । त्यो झुट कुरा हो ।'

संसदीय समितिमा राप्रपाले विकास तथा प्रविधि समितिको नेतृत्व गर्न पाएको विषयलाई लेनदेनसँग गाँसेर प्रचार गरेकोप्रति पार्टीको ध्यानाकर्षण भएको अध्यक्ष लिङ्देनले बताए । उनले भने, 'अहिलेको अवस्थामा सभामुख फालाफाल छ । सभामुख लिन कसैसँग कुनै सहमति आवश्यक पनि छैन, हामीले संसदीय समितिको नेतृत्व लिइराख्दा कुनै प्रकारको लेनदेनको सहमति भएको होइन ।'


**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०५/१३ गते)

पलविरे कामीको नाति, खिम बहादुर कामीको छोरा, सीता कामीको पति गुल्मी जिल्ला, सत्यवती गा.पा वडा नं ०७ (साबिक: जुनिया गा.वि.स. वडा नं. ८, गुल्मी) बस्ने चक बहादुर कामीको मिति २०७९/०४/२४ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको सत्यवती शाखामा रहेको बचत खाता नं.२६९०११९८५०५००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय सत्यवतीमा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय सत्यबती, गुल्मी फोन नं. ०७९-४१११०७/१०८



**फ्ल्याट खाली गर्ने बारेको सूचना**

**उपरोक्त सम्बन्धमा ज्ञानु थापा मगरको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेको ल.पु.म.न.पा. वडा नं. २ कित्ता नं. १६२२, १६२४ मा बनेको घरको पहिलो फ्ल्याटमा बस्दै आउनु भएका काठमाडौं जिल्ला वडा नं. ३५ को सुवास बुढाथोकी मिति २०८०/४/१५ गतेदेखी कुनै जानकारी बिना फ्ल्याट बन्द गरी मोबाइलसमेत स्वीच अफ गरेको हुनाले आजको मितिले ३५ दिनभित्र घरधनी ज्ञानु थापा मगरको सम्पर्कमा आउनु होला । अन्यथा कानून बमोजिम फ्ल्याट खाली गरिनेछ ।**

**ज्ञानु थापा मगर, ल.पु.म.न.पा. वडा नं. २**



**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०५/१३ गते)

श्री जित बहादुर श्रेष्ठको नाति, श्री गंगा बहादुर श्रेष्ठको छोरा, श्रीमती नुडुप श्रेष्ठको श्रीमान काठमाण्डौ महानगरपालिका वडा नं १४, बस्ने कृष्ण मोहन श्रेष्ठको मिति २०५९/१०/१२ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको बागबजार शाखामा रहेको श्री कृष्ण मोहन श्रेष्ठको खाता नं २०४०१८२५९२००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरी नमीता श्रेष्ठले यस बैंकको बागबजार शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै कागज सहित यस बैंकको शाखा कार्यालय बागबजार, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय बागबजार, काठमाण्डौ फोन नं ०१-४२४६१०५



नेपाल सरकार

**भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**

**भुमि व्यवस्थापन तथा अभिलेख विभाग**

**भुमि सुधार तथा मालपोत कार्यालय**

सर्लाही, मलगंवा

**मोही फाँट**

**३५ दिने सार्वजनिक सूचना**

**जिल्ला सलाही साविक गा.वि.स. हजारीया वडा नं. ३ हाल बरहथवा न.पा. वडा नं. १ मा वस्ने चन्द्र वहादुर थोकर तामाङ लाई हकदावी गर्न आउने वारेको सूचना ।**

उपरोक्त सम्बन्धमा जिल्ला रौतहट गा.वि.स. रमौली वैरीया वडा नं. ४ पछि जिल्ला सर्लाही साविक गा.वि.स. हजारीया वडा नं. ३ हाल बरहथवा न.पा. वडा नं. १ मा वस्ने सिउधर सहनी को नाउंमा दर्ता रहेको जि.स.गा.वि.स. हजारीया वडा नं. ३ (क) कि.नं. ६१८ क्षेत्रफल ०-०-१० जग्गाको मोही महलमा जिल्ला सर्लाही साविक गा.वि.स. हजारीया वडा नं. ३ हाल बरहथवा न.पा. वडा नं. १ मा वस्ने चन्द्र वहादुर थोकर तामाङ्ग को नाम उल्लेख रहेकोमा जग्गा धनीले भगुवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा मिति २०८०/५/१२ गतेको आदेशानुसार हक दावी सम्बन्धी ३५ दिने सुचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम भगुवा मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।



**CHAUTARA SANGACHOKGADHI MUNICIPALITY**

**Office of the Municipal Executive**

**Chautara, Sindhupalchok**

**Invitation for Electronioc Bids**

**Invitation for Electronic Bids for the Maintenance work of Landfill site Road Sector, CSGM-05**

**Contract Identification No: CSGM/NCB/WORKS-01/2080/81**

**First Date of publication: 2080/05/13 (30th August 2023)**

**The Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok** invites electronic bids from nepali eligible Bidders for the construction of the following works under NCB Procedures.

| Contract Identification No | Description | Estimated Amount (Without VAT) | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|
| CSGM/NCB/ORKS-01-/2080/081 | Maintenance work of Landfill site Road Sector, CSGM-05 | 28,97,054.23 | 72,500.00 | Rs.3,000.00 | 2080/06/12 (29th Sep 2023) at 12:00 hrs | 2080/06/12 (29th Sep 2023) at 13:00 hrs |

1. Eligible Bidders may obtain further **office of Chautara Sangachokgadhi Municipality, Office of the Municipal Executive, Chuatara, Sindhupalchok, Contact no 011-620477 or may visit the website http://www.chautaramun.gov.np. or may visit PPMO website www.bolpatra.gov.np/egp.**
2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp,**. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the office account no. as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

**Information to deposit the cost of bidding document in Bank:**

| | |
|---|---|
| Name of the Bank: | **Nepal Bank Limited, Chautara Branch** |
| Name of Office: ` | **Chautara Sangachokgadhi Municipality** |
| Account Number (Aantarik Rajashwo Khata for bid document fee): | **05703000001001000001** |
| Dharauti Khata No. | **05703000003000000001** |
| Office Code No: | **801032701** |

3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp. on or before as mentioned above.
4. Pre-bid meeting shall be held at **Chautara Sangachokgadhi Municipality, office of the Municipal Executive, Chautara , Sindhupalchok at 2080/06/02 (19th Sep 2023) on 13:00 hrs.**
5. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum of **NRs 72,500.00** which shall be valid for **30 days** beyond the validity period of the bid.
6. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at above mentioned date and time at the office of **Chautara Sangachokgadhi Municipality.**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders are advised to visit the site and assess the actual site conditions prior to submit the bid in their own cost.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
10. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendments) of GON.
11. If there are any changes or correction in notice or on Bid document, the notice will be published in **Chautara Sangachokgadhi Municipality** notice board, **Municipality Official Website** and in bid addendum.

**Chief Administrative Officer**

**Chautara Sangachokgadhi Municipality**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सुनको गञ्जगोल कहिलेसम्म ?

साउन ३ गते विमानस्थलबाट बाहिरिसकेको सुन राजस्व अनुसन्धान विभागले बरामद गरेपछि दैनिक गञ्जगोलका घटना हुन थालेका छन् । न त यसको अनुसन्धान विश्वसनीय छ न त यसको परिणाम नै विश्वास गर्नयोग्य रह्यो । सय किलो भनिएको सुनको परिमाण ६० केजी ७१६ ग्राममात्र निस्कियो । १८ दिनसम्म सुनको मूल मालिक नभेट्टाएको भन्दै विभागमाथि दैनिक प्रश्न उठाएपछि सुन अनुसन्धानको जिम्मा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)लाई जिम्मा लगाइयो । यता प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले यस प्रकरणको अनुसन्धान गर्न उच्चस्तरीय छानबिन समिति गठन गर्नुपर्ने माग गरिरह्यो । सत्ता पक्ष भने सरकारी संरचना सिआइबीलाई विश्वास गर्नुपर्ने भनेर बचाउमा उत्रिरह्यो । अन्ततः सिआइबीले अनुसन्धानको प्रतिवेदन बुझाएपछि समिति गठन गर्ने भन्दै सत्तापक्षले नेकपा एमालेलाई चित्त बुझायो । सिआइबीले अनुसन्धान टुग्याइसकेको छैन । अन्तरदेशीय अपराध भन्दै प्रहरीले इन्टरपोललाई पनि गुहार्‍यो । सिआइबी यति लाचार बन्यो कि आफूहरूसँग अनुसन्धानका लागि पुग्दो जनशक्ति नभएको भन्दै यो विषयलाई गञ्जागोल पार्न खोजियो । यद्यपि, यो विषय अध्ययनका लागि हङकङसमेत जाने भएको छ ।

यतिले नपुगेर यो अनुसन्धानमा समितिमाथि समिति गठन गरेको छ । सुन तस्करीबारे अनुसन्धान गर्न प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्यको नेतृत्वमा मंगलबार समिति गठन गरिएको छ । प्रहरी आइजी वसन्त कुँवरले उक्त समिति गठन गरेका हुन् । बज्राचार्य सिआइबीकी निर्देशक हुन् । सिआइबीले एसपी सञ्जयसिंह थापाको कमाण्डमा टिम बनाएर साउन २२ देखि अनुसन्धान सुरू गरेको थियो । साउन २१ गते विभागले ब्युरोको जिम्मा लगाएको थियो । यो प्रकरणमा गृह मन्त्रालयले पनि पक्राउ परेका एक जनाको नागरिकता छानबिन गर्न समिति गठन गरेको छ । तिब्बती मुलका बेल्जियन नागरिक छिरिङले लिएको नेपाली नागरिकताबारे छानबिन गर्न गृह मन्त्रालयले समिति गठन गरेको हो । गृहका प्रवक्ता सहसचिव नारायणप्रसाद भट्टराईका अनुसार उपसचिव कृष्णबहादुर कटुवालको नेतृत्वमा समिति गठन गरिएको छ ।

ठमेलस्थित 'होटल भियना'को सञ्चालकसमेत रहेका छिरिङले जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकबाट नागरिकता लिएको भेटिएको छ । लाजिम्पाट बस्ने छिरिङको माओवादी नेताहरूसँग हिमचिम रहेको देखिएको छ । अहिलेसम्मकै धेरै सुन भनेर प्रचार गरिए पनि सुन जोख्दा फुस्सा भएसँगै सुनबारे चर्चा कम हुन थालेको छ । यद्यपि, यो प्रकरणलाई सरकारी निकाय भने अझै मत्थर पार्दै गञ्जागोल गर्ने प्रयासमा लागेको छ ।

## मननयोग्य

### चाणक्य नीति

चाणक्य अझै शान्त थिएनन्, चन्द्रगुप्तलाई भावी योजनाबारे परिचित गराउदै थिए । आकान्ता सिकन्दर त फर्केर फेरि आएन तर उसको सेनापति सेल्युकस फेरि आफ्ना सेना बटुलेर भारततिर आउदैछु भन्ने सूचनाले चाणक्य विचलित भइरहेका थिए । यही समयमा महामात्य शंकटारको देहावसानले अशान्त पारिरहेथ्यो ।

चाणक्यका आदेशानुसार सैन्यशक्ति र गुप्तचर अझै धेरै बलियो बनाउनमा चन्द्रगुप्त व्यस्त थिए ।

उता राक्षसलाई आफ्नो प्रत्येक योजना विफल भएको देखेर आफ्नो सबभन्दा ठूलो शत्रु चाणक्य नजानिने पहेलीजस्तो लाग्थ्यो, उनले सोच्न सकेका थिएनन्। उनका प्रत्येक यन्त्रको आभास चाणक्यलाई पहिले कसरी थाहा हुन्छ ? उनी त्यो मौकाको प्रतीक्षामा थिए जब चन्द्रगुप्त र चाणक्य दुवैलाई समाप्त गर्ने षड्यन्त्र रचना गर्न सकून् ।

यस्तो अवसर पनि प्राप्त भयो जुन सुनेर राक्षस खुसीले पागलजस्ता भए ।

...+ राक्षसलाई एउटा गुप्तचरबाट थाहा भयो कि अघिल्लो पक्षको शुक्लपञ्चमीमा आफ्नो नयाँ बनेको महलमा प्रवेश गर्दैछन् । गुप्तचरले आफूसँगै त्यो महल बनाउने मुख्य कालीगढलाई पनि ल्याएका थिए । राक्षसले मुख्य सिल्पी कालीगढलाई प्रलोभन र राजा नन्दप्रतिको कर्तव्यको वास्ता दिएर त्यो महलको गुप्तचर ढोकावारे जानकारी पाएका थिए । एउटा यस्तो गुप्त ढोका बारेको जानकारी जुन एउटा सुरुङ्गका माध्यमबाट टाढा जङ्गलमा खुल्दथ्यो जुन गुफाबारे चाणक्य र चन्द्रगुप्तलाई पनि जानकारी थिएन । कालीगढले चन्द्रगुप्त र चाणक्यलाई गृहप्रवेशका समयमा भवनको सम्पूर्ण जानकारी गराए । यो सुरुङ आकस्मिक समयमा भाग्न सजिलो परोस् भन्नाका निमित्त सिल्पीले बनाएको थियो ।

राक्षसले आफ्ना विश्वस्त योद्धा छानेर भेला गरी कार्यक्रम हुने दिन अगावै त्यो सुरुङका माध्यमबाट महल तलको गर्भगृहमा पुऱ्याएका थिए ।

गृहप्रवेशको समय पनि आयो । सम्पूर्ण रूपबाट महल सिँगारिएकी नववधुजस्तो चम्किरहेथ्यो, मुख्य सुरक्षा अधिकारीले सबै महलको सुरक्षा ठीक भएको जानकारी चाणक्यलाई दिए ।

*क्रमशः*

# राजेश्वर नेपाली एक 'इनसाक्लोपिडिया'



▸▸ धर्मेन्द्र झा

राजेश्वर नेपाली । पत्रकारिता र साहित्य क्षेत्रका एक सुविख्यात परिचित नाम । आजको दि(नमा नेपालीजीलाई कुनै थप परिचय आवश्यक छैन । खासमा नाम नै उहाँको परिचय हो । सादा जीवन उच्च विचारका अनुयायी नेपालीजीको पत्रक(ारिता र साहित्य क्षेत्रमा अनेक योगदान छन् ।

नेपाली पत्रकारिताका धरोहर, वरिष्ठ पत्रकार, लोकतान्त्रिक संघर्षका योद्धा, प्रेस स्वतन्त्रताका सेनानी उनै नेपाली अब भौतिकरूपमा यस धरामा उपस्थित रहन सक्नुभएन । २००२ भदौ १९ गते धनुषाको बेला (हाल जनकपुरधाम उपमहानगरपालिका-२३) मा जन्मनुभएका नेपालीले ७८ वर्षको उमेरमा अर्थात् २०८० भदौ ११ गते राति देहत्याग गर्नुभएको छ । विगत १४ महिनादेखि बिरामीका कारण ओछ्यान पर्नुभएका नेपालीको त्यसअघि नेपाल र भारतका विभिन्न अस्पतालमा उपचार भए पनि निको हुन सक्नुभएको थिएन ।

वि.सं. २०१८ मंसिर २६ गतेदेखि नेपाल सन्देश पत्रिकामा समाचार लेखेर पत्रकारिता प्रारम्भ गर्नुभएका नेपाली त्यसोपरान्त निरन्तर पत्रकारितामै समर्पित रहनुभयो । पत्रकारितालाई नै आफ्नो मूल धर्म, पेसा र व्यवसाय ठान्ने नेपालीजस्तो समर्पित पत्रकार विरलैमात्र पाउन सकिन्छ । उहाँका बारेमा जतिसुकै लेखे पनि जे लेखे पनि थोरै नै हुन्छ ।


आदरणीय नेपालीजीलाई, जनकपुरस्थित रामस्वरूप रामसागर बहुमुखी क्याम्पसमा जहिले म प्रवीणता प्रमाणपत्र तह (वि.सं. २०४२/४४) को विद्यार्थी थिएँ त्यसबेलादेखि नै चिन्दछु र त्यसपछि निरन्तर उहाँको सम्पर्कमा छु। यस दृष्टिले हेर्ने हो भने उहाँसँग म प्रत्यक्षरूपले ३७/३८ वर्षदेखि परिचित छु । परिचय प्रारम्भको त्यो समय मेरो पत्रकारिता जीवनको अत्यन्त प्रारम्भिक समय थियो भने नेपाली त्यसै बखत सुविख्यात भइसक्नुभएको थियो । त्यो समय सायद उहाँको पत्रकारिताको उत्कर्षको समय थियो भनेर भनियो भने अनुचित हुने छैन ।

वि.सं. २०४४ को कुनै समयमा म पत्रकारितासँग आबद्ध हुन पुगेको थिएँ । त्यसपछि नेपालीजीसँग औपचारिकरूपमा भेट गर्ने क्रमले तीव्रता पाएको म सम्झन्छु । एक दृष्टिले भन्ने हो भने नेपालीजी पत्रकारिता क्षेत्रमा मेरा एक 'रोल मोडल' हुनुहुन्थ्यो । पत्रकारिता क्षेत्रमा प्रवेश गर्नुअघि मैले उहाँका बारेमा धेरै कुरा सुनेको थिएँ । पछि त निरन्तर भेट भइरहयो र उहाँका बारेमना सुनेका कुराको सत्यापन गर्ने अवसर मैले पाइरहेँ । तर दुःखका साथ भन्नुपर्छ, मैले अन्तिम समयमा उहाँलाई भेट्न पाइनँ । आज भोलि भन्दाभन्दै दिनहरू बिते र उहाँ पनि बित्नुभयो ।

निश्चय हो, उहाँको योगदानहरूले कहीँ न कहीँ मलाई प्रभावित बनाएको थियो । यो प्रभावले पनि पत्रकारितामा प्रवेश गर्नका लागि मलाई प्रोत्साहित गरेको थियो भनियो भने त्यो अन्यथा हुने छैन । उहाँ मेरै गृहनगर अर्थात् जनकपुरसँग जोडिएको हुनुहुन्थ्यो । त्यसैले पनि मलाई उहाँको सान्निध्य प्राप्त गर्न सहज थियो । यस अर्थमा मैले आफूलाई भाग्यशाली नै ठान्नुपर्छ । म जनकपुरमै रहेर २०४४ देखि २०५२ सम्म पत्रकारितामा सक्रिय रहेँ । त्यो समय उहाँसँग प्रत्येक दिनजसो भेट हुन्थ्यो । अधिकांशतः जनकचोकस्थित दीपनारायणजीको पत्रिका पसलमा साइकल सवार नेपालीजीसँग मेरो भेट हुने गर्दथ्यो । त्यहाँ भेट नभएको अवस्थामा जानकी मन्दिरको प्रांगण हाम्रो भेटघाटको अर्को निश्चित स्थान थियो । भेटका क्रममा अनेक कुरा हुन्थे । केही राजनीतिका, केही साहित्यका र केही पत्रकारिताका । हामीबीचका ती कुराकानीले निश्चय पनि मलाई मार्गदर्शन र प्रोत्साहन प्राप्त हुने गर्दथ्यो ।

वि.सं. २०५२ मा म पेसा र रोजगारीका क्रममा काठमाडौं आएँ । त्यसपछि मेरा अधिकांश समय यहीँ बित्न थालें । स्वाभाविकरूपमा उहाँसँगको प्रत्यक्ष भेटघाटको क्रम पनि पातलो हुन थाल्यो । तर, अप्रत्यक्षरूपमा हामी सधैँ नै सम्पर्कमा थियौं । उहाँसँगको सान्निध्यका आधारमा म यति कुरा दाबीका साथ भन्न सक्छु कि नेपालीजी पत्रकार, साहित्यकार र राजनीतिकर्मीभन्दा बढी एक सामाजिक अभियन्ता हुनुहुन्थ्यो ।

उहाँसँगको मेरो सम्बन्ध पत्रकारिता मात्रको थिएन । उहाँसँग साहित्य र राजनीतिकरूपमा पनि सम्बन्धित थिएँ र छु भन्न पाउँदा गौरवबोध हुनु मेरा लागि अत्यन्त स्वाभाविक छ । यी तीनवटै सम्बन्धका आधारमा सम्बन्धहरूको विश्लेषण गर्ने



प्रयास गरिएमा म निःसंकोच भन्न सक्छु, नेपालीजी मेरा आदरणीय अभिभावक त हुनुहुन्थ्यो नै, सँगसँगै प्रेरणाको एक स्रोत पनि । मैले माथि पनि उल्लेख गरिसकेँ, नेपालीजीसँग म अत्यधिक प्रभावित थिएँ । उहाँसँग सम्बन्धित अनेक स्मृति मेरो मानसपटलमा अहिले पनि ताजै रहेको अनुभूति छ । तर, ती सबै स्मृतिहरू यहाँ अभिव्यक्त गर्नु सहज र सम्भव छैन ।

उहाँसँग म प्रभावित हुनुपर्ने अनेक कारण छन् । म उहाँको सादगीपूर्ण जीवन र पत्रकारिताप्रतिको अविभाज्य समर्पणबाट प्रभावित छु । मधेसबाट पत्रकारिता गर्ने र पत्रकारिताकै माध्यमबाट मिसनको दायित्वसँगै जीवन निर्वाहको प्रयत्न गर्नेहरूमध्ये नेपालीजी पहिलो पुस्ताको प्रखर र सशक्त पत्रकार हुनुहुन्थ्यो । पत्रकारिताको माध्यमबाट समाज रूपान्तरणमा उहाँको योगदान अत्यन्त महत्त्वपूर्ण छ । र, सबैभन्दा महत्त्वपूर्ण कुरा त के भने उहाँको योगदानलाई देश र समाजले स्वीकार गरेको छ ।

मूलतः जनकपुरको माटोमा रमेर भिजेर पत्रकारिता गर्ने नेपालीजीको योगदानको चर्चा जनकपुर, मिथिला र मधेसमा मात्र सीमित छैन । बरु सम्पूर्ण नेपालमा र विदेशमा पनि बडो आदरपूर्वक 'नेपालीजी'का रूपमा उहाँ चिनिनुहुन्छ । धेरैलाई उहाँको पूर्ण र वास्तविक नामबारे जानकारी नहुन सक्छ । तर, राजेश्वर नेपाली 'नेपालीजी' पत्रकारका रूपमा नेपाल र नेपालभन्दा बाहिर पनि चिनिनुहुन्छ । उहाँ सबै समाजमा सर्वस्वीकृत हुनुहुन्थ्यो, रहिरहनुहुनेछ । त्यसो त उहाँको रुचि साहित्य र राजनीतिमा पनि थियो । तर, उहाँ बढी चिनिनुभयो पत्रकारिताकै क्षेत्रमा र पत्रकारकै रूपमा ।

नेपाली, मैथिली र हिन्दी भाषामा समान अधिकार राख्नुहुने नेपालीजी यी तीनै भाषाका माध्यमबाट पत्रकारिता र साहित्यमा क्रियाशील रहनुभयो । तीन भाषामा अनेक साहित्यिक रचना (पुस्तकसमेत)का स्रष्टा हुनुहुन्छ उहाँ । यतिमात्र होइन, उहाँको परिचय लोकतन्त्र र प्रेस स्वतन्त्रताका पक्षमा भएका आन्दोलनको एक अविश्रान्त योद्धाका रूपमा पनि छ । पत्रकार जगतले उहाँको योगदान स्वीकार गर्‍यो र केही थान सम्मान तथा पुरस्कार अर्पण गर्‍यो तर राज्य र सरकारले भने उहाँलाई सधैँ उपेक्षा नै दियो । उहाँ अस्वस्थ भएर घरको ओछ्यानमा अचेत पल्टिइरहँदा कुनै पनि तहको सरकारको ध्यान उहाँतर्फ आकृष्ट हुन सकेन । राजनीतिसँग नजिकको साइनो भएकाहरू सहज र सुविधाजनक उपचार प्राप्त गर्न सक्षम भइरहेको नेपालको परिदृश्यमा सायद नेपालीजी ओझेल पर्नुभयो । राज्यले उहाँलाई देख्नै सकेन । राज्यका निकायहरूको उपचारमा आवश्यक ध्यान पुग्न सकेको भए सम्भव थियो उहाँको आयु लम्बिन सक्थ्यो ।

नेपाली, मैथिली र हिन्दी भाषामा समान अधिकार राख्नुहुने नेपालीजी यी तीनै भाषाका माध्यमबाट पत्रकारिता र साहित्यमा क्रियाशील रहनुभयो । तीन भाषामा अनेक साहित्यिक रचना (पुस्तकसमेत)का स्रष्टा हुनुहुन्छ उहाँ । यतिमात्र होइन, उहाँको परिचय लोकतन्त्र र प्रेस स्वतन्त्रताका पक्षमा भएका आन्दोलनको एक अविश्रान्त योद्धाका रूपमा पनि छ । पत्रकार जगतले उहाँको योगदान स्वीकार गर्‍यो र केही थान सम्मान तथा पुरस्कार अर्पण गर्‍यो तर राज्य र सरकारले भने उहाँलाई सधैँ उपेक्षा नै दियो ।

महात्मा गान्धीको जीवन र दर्शनबाट प्रभावित नेपालीजी सच्चा गान्धीवादीका रूपमा पनि चिनिनुहुन्छ । यही प्रभावबाट उहाँ समाज र राजनीतिमा पनि निर्देशित हुनुहुन्थ्यो । राजनीतिमा पनि उहाँको फरक परिचय थियो । नेपालको लोकतान्त्रिक आन्दोलनमा प्रारम्भिक दिनहरूबाटै सक्रिय रहनुभएका नेपालीजी प्रखर लोकतन्त्रवादी हुनुहुन्थ्यो । लोकतान्त्रिक आन्दोलनका क्रममा आस्थाका आधारमा पञ्चायतकालमा अनेकौं पटक प्रशासनको कुदृष्टिको सिकार बन्नुभएका नेपालीजी आफ्नो लोकतान्त्रिक मूल्यमान्यताका विरुद्ध कहिल्यै पनि सम्झौता गर्नुभएन । जीवनभरि उहाँ आफ्नो राजनीतिक मूल्य, मान्यता, आस्था र विचारप्रति दृढ रहनुभयो ।

नेपालीजीलाई म मधेस-मिथिला 'इनसाक्लोपिडिया (विश्वकोष)' का रूपमा पनि चिन्दथे । मधेस, मिथिला र नेपाली राजनीतिसँग सम्बन्धित अनेक जानकारीका विशाल संग्रह थियो उहाँसँग । उहाँको देहावसानपछि जानकारीका यी संग्रहको संरक्षणबारे पनि सोचिनु जरुरी छ । त्यसो त उहाँका सुपुत्र राघवेन्द्रमाथि पनि पिताको कर्मको यथेष्ट प्रभाव परेका कारण यी जानकारीले उहाँको संरक्षकत्व प्राप्त गर्ने कुरामा विमति हुन सक्दैन । यस्ता अनेक जानकारी थिए जो नेपालीजीलाई कण्ठस्थ नै थियो ।

औपचारिक जानकारीको आधिकारिक संग्रहको विशाल अभिलेखीकरणको भण्डारको निर्माण गर्नुभएको थियो उहाँले । चाहे त्यो राजनीति होस् चाहे साहित्य अथवा पत्रकारिता, सबैको जीवित दस्तावेज र 'इनसाक्लोपिडिया'को परिचय बनाउनुभएको थियो नेपालीजीले । यतिमात्र होइन, समाज, व्यक्ति, स्थानीय विकाससँग सम्बन्धित जानकारीको पनि उहाँ अजस्र स्रोत हुनुहुन्थ्यो । उहाँ र उहाँको परिवारसँग रहेका यस्ता जानकारी अनेक अनुसन्धानकर्मीका लागि महत्त्वपूर्ण स्रोत सामग्री हुन सक्छन् ।

मेरो प्रस्ताव छ, उहाँको देहावसानपछि उहाँको घरपरिवारमा रहेका यी अजस्र जानकारी संग्रहको संरक्षण कार्य परिवारका सदस्यमात्रको भरमा कठिन हुनसक्छ । यस्तोमा राज्यले पहल गर्नु अपेक्षित छ । अब यी सामग्रीको संरक्षणमा राज्यले दायित्व निर्वाह गर्नु अपरिहार्य छ । यसो गर्न सके निश्चय पनि भावी पुस्ता लाभान्वित हुन सक्नेछन् र सायद उहाँप्रति सच्चा श्रद्धाञ्जलि अर्पण गर्ने एक उपयुक्त तरिका पनि हुनसक्छ यो प्रक्रिया ।

## पत्र-मञ्जुषा

# दसैं नजिकिँदै छ, अब गृहकार्य थाल्ने कि सरकार ?

प्रत्येक वर्ष दसैं आउँछ । हिन्दूहरूको महान् चाड दसैं फेरि पनि आउँदै छ । दसैंमा २२ देखि २५ लाख सर्वसाधारण आ-आफ्नो घर फर्किन्छन् । ७७ वटा जिल्लाकै आमनागरिक विभिन्न कारणले काठमाडौं उपत्यकामा बसोबास गर्दै आएका छन् । कोही रोजगारीका लागि त कोही पढ्नका लागि काठमाडौंमा डेरा लिएर बसेका छन् । दसैं नजिकिएसँगै सबैलाई आफ्नो जन्मथलो फर्किने हतारो हुन्छ ।

बल्लतल्ल वर्ष दिनमा आएको चाड, घर त जानैपर्‍यो । फेरि यही बेलामा मात्र हो सबैको छुट्टी हुने । चाडबाडमा सबैभन्दा धेरै फाइदाचाहिँ यातायात व्यवसायीलाई हुन्छ । उनीहरूलाई त यात्रु बोकेरै भ्याइनभ्याइ हुन्छ । चाडबाडमा आमसर्वसाधारण सबैभन्दा धेरै ठगिन्छन् । एक हजारको टिकटलाई तीन हजार तिर्नुपर्ने हुन्छ । त्यो पनि सिटमा बसेर घर जान पाए त हुन्थ्यो ।

झुण्डिएर घरसम्म पुग्नुपर्ने बाध्यता हुन्छ । न विद्यार्थीले छुट पाउँछन् न ज्येष्ठ नागरिकले । बरु, लाँदै नलाँदैनौं भन्छन्। सरकारले घटस्थापनादेखि टीकाको दिनसम्म गाडीको रुट परमिट खुला गरिदिन्छ । लामो रुटमा चल्ने गाडीले मात्र धान्न नसक्ने भएकाले सरकारले सबै गाडीको रुट परमिट खोलिदिन्छ । त्यतिबेला लोकल गाडी पनि यात्रु बोकेर विभिन्न जिल्ला जान पाउँछन् ।

काठमाडौं उपत्यकाभित्र विभिन्न रुटमा चढ्ने लोकल गाडीहरू दसैंको बेलामा विभिन्न जिल्लामा रिजर्भ जान्छन् । जसले गर्दा उपत्यकामा गाडी नपाएर साह्रै सास्ती हुन्छ । क्युको गाडी पाउन घण्टौं कुर्नुपर्ने हुन्छ । त्यतिबेला दुईटै उपाय रहन्छः कि पैदल हिँड, कि चर्को भाडा तिरेर ट्याक्सी चढ् । ट्याक्सीलाई पनि यात्रु बोकिसाध्य हुँदैन । सरकारी निकायमा बसहरू छन् ।

सशस्त्र प्रहरी बल, नेपाली सेना, नेपाल प्रहरी र निजामती कर्मचारी चढ्ने गाडीहरू छन् । त्यतिबेला अधिकांश कार्यालय बन्द नै हुन्छ । निजामती कर्मचारीहरूको छुट्टी नै हुने भएकाले गाडी थन्किएर बसेको हुन्छ । तर, त्यो गाडी चलाएर आमसर्वसाधारणलाई सेवासुविधा दिऔं भनेर कसैले सोच्दैन । न सरकारले ती गाडी चलाउने भनी निर्णय नै गर्छ । यता, स्कुलका बसहरू पनि थन्काइएको हुन्छ ।

त्यो चलाउँदा पनि त हुन्छ । आम सर्वसाधारणलाई विकल्प दिनुपर्दैन ? उपत्यकाको रुटमा चल्ने गाडीलाई चाहिँ बाहिर पठाउने अनि यहाँको सर्वसाधारणलेचाहिँ के चढ्ने ? दसैंमा झन् धेरै किनमेल गर्न निस्किरहनुपर्ने हुन्छ । विभिन्न काम पर्छ । विडम्बना, सरकारले उपत्यकामा बस्नेहरूलाई बिर्सिएको छ । उपत्यकाभित्र सञ्चालन भएका गाडीको अवस्था सबैलाई थाहा नै छ ।

२० वर्ष कटेका सवारीसाधन गुडिरहेका छन् । कुनैको झ्यालको सिसा छैन, कुनैको सिट नै निस्किएको छ । गाडी जति थोत्रा, पुराना र कबाडी भइसकेका छन् । ती गाडी उपत्यकाबाहिर चलाउँदा के हुन्छ ? उसै पनि सिटभन्दा धेरै यात्रु बोकेर कुदाउँछ । एकातिर चालकलाई बाटोको विषयमा ज्ञान हुँदैन अर्कोतिर गाडीको अवस्था नाजुक हुन्छ । जसले गर्दा दसैंमा सबैभन्दा धेरै सवारी दुर्घटना हुन्छ ।

उपत्यकाको समथर रोडमा गाडी चलाइरहेकाले गाउँको डरलाग्दो बाटोमा गाडी चलाउन सक्छन् ? सरकारले त्यति त बुझ्नुपर्ने हो । दसैंमा गाडी दुर्घटनामा पर्दा एकै ठाउँमा १० देखि ४० जनासम्मको अकालमा ज्यान गएको घटनाहरू छन् । अंगभंग हुनेको संख्या असंख्य छ । यसको प्रमुख कारण केलाउने हो भने अधिकांश चालकको लापरवाही र गाडीको अवस्थाकै कारण हुँदै आएको छ ।

दसैं मान्न हिँडेकाहरूको घरमा रुवाबासी चल्न क्षणिक पनि लाग्दैन । सरकारले बेलैमा गृहकार्य नगर्दाको नतिजा निर्दोष आमजनताले भोग्दै आएका छन् । हरेक वर्ष दुर्घटना हुन्छ, जनता मार्छन् तर सरकारलाई कुनै मतलब नै छैन । अनदेखा गर्ने काम भइरहेको छ । चोक-चोकमा बसेर ट्राफिक प्रहरीले गाडीको अवस्था परीक्षण गर्नुपर्ने हो । गाडीको इञ्जिनको अवस्था के छ ? चल्न लायक छ कि छैन ? परीक्षण हुँदैन ।

ट्राफिककै आँखा अगाडिबाट कोचाकोच यात्रु हालेर गाडी दौडाइरहेको हुन्छ । तर, कारबाही गर्ने समर्थ ट्राफिकसँग छैन । तर, जब गाडी दुर्घटनामा परेर जनताले ज्यान गुमाउँछन् अनि सरकारले मरेकाको टाउको गन्छ । यति जना मरेछन् भनेर सार्वजनिक गर्छ । समवेदना प्रकट गरिन्छ । अनि भनिन्छ, सिटभन्दा बढी यात्रु हालेकाले र गाडीको कण्डिसन ठीक नभएकाले सवारी दुर्घटनामा पर्‍यो ।

यातायात क्षेत्र सिण्डिकेटको जालोमा जेलिँदा यो अवस्था आएको हो । जनसंख्या बढेको बढ्यै छ, गाडीको संख्या अपुग । यातायात व्यवसायीले वर्षौंदेखि सिण्डिकेट लगाएका छन् । कागजमा सिण्डिकेट हट्यो तर व्यवहारमा हट्न सकेन । सरकार कमजोर भएकै फाइदा यातायात व्यवसायीले उठाए । यद्यपि, मर्कामा भने जनता परेका छन् । महँगो पैसा तिरेर पनि राम्रो सेवासुविधा पाएका छैनन् । योपटक पनि पहिलेजस्तो जनताले सास्ती खेप्न नपरोस् । दसैंमा कसैको घरमा रुवाबासी नचलोस् । सरकारले बेलैमा यसका लागि आवश्यक गृहकार्य थालोस् ।

*– अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

## विधेयकले..

पृष्ठ १ बाट जारी

संसद्मा 'विधेयकमाथि विचार गरियोस्' भनेर प्रस्ताव गर्ने मन्त्री गुरुङ कांग्रेसकै हुन् । विधेयक भने तत्कालीन नेकपाको तर्फबाट प्रधानमन्त्री भएका केपी शर्मा ओली नेतृत्वको सरकारले अघि बढाएको हो । विधेयकलाई पारित गर्नेगरी अघि नबढाउन सांसद थापाले मन्त्री गुरुङलाई आग्रह गरेका छन् । '२०७४ पछि बनेको सरकारले लेखेको ड्राफ्ट हो यो,' उनले भने, 'कानुनमन्त्रीज्यूलाई भन्न चाहन्छु- यसको भारी नबोक्नुहोस् । यसलाई बिसाउनुहोस् । हटाउनुहोस् ।'

विधेयकमा संहिताको दफा ११६ (क) को संशोधन गरिएको छ । जहाँ जुनसुकै तहको अदालतमा विचाराधीन अवस्थामा मुद्दाहरू रहे पनि फिर्ता लिने व्यवस्था छ । तर, हिंसात्मक गतिविधि कुनै बेला सञ्चालन गरेको र अन्ततः त्यस्ता गतिविधि छाडेर शान्तिपूर्ण राजनीतिमा आउने दल वा समूह हुनुपर्ने भनिएको छ ।

'दफा ११६ मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै राजनीतिक दल वा समूहले मुलुकको राजनीतिक प्रणालीसँग असहमत रही हिंसात्मक क्रियाकलाप सञ्चालन गरिरहेकोमा त्यस्तो राजनीतिक दल वा समूह शान्तिपूर्ण राजनीतिको मूलधारमा आउन नेपालको संविधान र प्रचलित कानुनको अधीनमा रही शान्तिपूर्ण राजनीतिक क्रियाकलाप सञ्चालन गर्ने प्रतिबद्धता जनाई नेपाल सरकार र त्यस्तो राजनीतिक दल वा समूहबीच राजनीतिक प्रकृतिका सम्झौताको माध्यमबाट नेपाल सरकारवादी भई दायर भएका मुद्दा फिर्ता लिनेगरी सहमत भएकोमा त्यस्तो सम्झौताबमोजिम त्यस्ता राजनीतिक दल, समूहका नेता तथा कार्यकर्ताका विरुद्धमा नेपाल सरकार वादी भई चलाइएका जुनसुकै मुद्दा जुनसुकै तहको अदालतमा विचाराधीन रहेको भए पनि फिर्ता लिन बाधा पर्ने छैन,' विधेयकमा उल्लेख छ ।

तत्कालीन प्रधानमन्त्री ओली नेतृत्वको सरकारले यही प्रावधान उल्लिखित विधेयक अघि बढाएको थियो । २१ फागुन २०७७ मा निकै राजनीतिक शक्तिको दृष्टिले निकै रक्षात्मक अवस्थामा पुगेका ओलीले चन्द नेतृत्वको नेकपालाई शान्तिपूर्ण राजनीतिमा ल्याएका थिए ।

त्यसपछि रावत नेतृत्वको स्वतन्त्र मधेस गठबन्धनलाई शान्तिपूर्ण राजनीतिमा ल्याए । त्यसक्रममा मुलुकी फौजदारी संहिता संशोधन गरेर दुवै दलका नेता कार्यकर्ताहरूमाथि अदालतहरूमा विद्यमान मुद्दाहरू फिर्ता लिने तयारी भएको थियो । जुन त्यसबेला सफल भएन । हाल भने माओवादी अध्यक्ष पुष्पकमल दाहालको सरकार विधेयकलाई पारित गर्नेगरी अघि बढेको छ ।

यद्यपि, विरोधको स्वर चर्कैगरी सुनिएको छ । एमाले सचेतकसमेत रहेका महेश बर्तौलाले हिंसात्मक गतिविधि गर्नेहरूको संरक्षक सरकार बन्न नसक्ने ठोकुवा गरे । उनले हिंसात्मक गतिविधिलाई प्रोत्साहित हुनेगरी विधेयक ल्याएको टिप्पणी गरे ।

'सरकार जुन ढंगबाट विधेयक ल्याउँछ र फिर्ता गर्न पनि सकिन्छ भन्छ । तर, आयुसँग जोडेर जब सरकारले खोज्छ, त्यतिबेला हामीले भनेको विधिको शासन, लोकतन्त्र, मानवअधिकार र कहाँ पुग्छ ?,' उनले भने, 'त्यसकारण यो विषयलाई गम्भीरताका साथ लिइयोस् । विधेयक फिर्ता गरियोस् ।'

एकीकृत जनक्रान्तिको नाममा विप्लव नेतृत्वको नेकपा र स्वतन्त्र मधेस निर्माणका लागि डा. राउत नेतृत्वको तत्कालीन दलका नेता कार्यकर्ताले फौजदारी अपराधको कसूर आकर्षित हुने कयौं अराजनीतिक गतिविधि गरेका थिए । यी दुवै शक्तिलाई शान्तिपूर्ण राजनीतिमा ल्याउन गरिएको समझदारीअनुसार भने ती दल दुवै दलका तथा कार्यकर्ताहरूको मुद्दा फिर्ता लिने भनिएको थियो । यस्तो समझदारीपत्रमा हस्ताक्षर गर्ने तत्कालीन प्रधानमन्त्री ओली नै हुन् । तर, हाल आएर एमालेले विरोध गरिरहेको छ ।

विरोध गर्ने अर्को दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) हो । यस दलकी सांसद सुमना श्रेष्ठले विधेयकमार्फत फौजदारी संहिताको ११६ (क)को प्रावधान संशोधन गरेर राजनीतिकै नयाँ परिभाषा स्थापित गर्न खोजिएको भन्दै सरकारप्रति कटाक्ष गरिन् । उनले फौजदारी अपराधमा संलग्न भएका जोकोहीलाई दण्डित गर्नुपर्नेमा जोड दिँदै भनिन्, 'कानुनीरूपमा मात्रै होइन, देशकै व्यवस्थाको नयाँ परिभाषा हुनसक्ने, राजनीतिलाई नै नयाँ दृष्टिकोणबाट हेर्न बाध्य बनाएर दुरगामी राख्ने बुँदा (६४) लाई विधेयकको बीचमा सुटुक्क छिराइएको छ ।'

विधेयकबारे ७२ घण्टासम्म छलफल हुने व्यवस्था छ । तर, विधेयकमा फौजदारी अपराध संहिता २०७४ मात्रै होइन, विभिन्न अन्य कानुनहरू संशोधनलाई अघि बढाइएको छ । यसबारे प्रधानमन्त्री दाहाल नेतृत्वको दल माओवादीकै सांसद माधव सापकोटाले पनि आपत्ति जनाए । उनले विधेयकमा धेरै संशोधन गर्नुपर्ने प्रावधानहरू उल्लेख भएको र ७२ घण्टासम्ममा छलफल गरेर नसकिने बताए ।

सोमबारको संसद् बैठकमा राप्रपा, नेपाल मजदुर किसान पार्टीलगायत दलका सांसदहरूले समेत विधेयकको विरोध गरेका थिए । विधेयक पारित भएको अवस्थामा चन्द र राउतका नेता कार्यकर्ताहरू विरुद्ध जुनसुकै तहका अदालतमा विचाराधीन भए पनि मुद्दा फिर्ता हुनेछ । यसबारे फौजदारी अपराध मामिलाका जानकारहरूले पनि विमति प्रकट गर्दै आएका छन् ।

यसरी सत्तापक्ष र विपक्षका सांसदहरूको आलोचनापछि कानुनमन्त्री धनराज गुरुङले विधेयकको फौजदारी संहिताको दफा ११६ (क) को व्यवस्था जस्ताको तस्तै पारित नहुने बताए । अर्को संसद् बैठक भने यही १८ भदौमा आह्वान गरिएको छ ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक १२७ भाद्र ११ गते २०८० मा प्रकाशित **Varsha Manpower Pvt. Ltd.** को Lot No. 278238 को **Emfam Integrated Technical Services llc** कम्पनीको विज्ञापनमा कामदमरको पद Purchasing Representative को सङ्ख्या १ जना (पुरुष) हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०४/२३ गते निम्न विवरणको बा.प्र.०२-०२९ प ४७४८ को **पल्सर २२० सि.सि** को **कालो मोटरसाइकल** भक्तपुर ठिनी नगरपालिका वडा नं०१ लोकन्थलीमा पार्किङ गरि राखिएको अवस्थामा रातको ११:०० बजको समयमा चोरी भएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : विजय विश्वकर्मा**
**ठेगाना : लोकन्थली, भक्तपुर**
**बाइक नं. :प्र.०२-०२९ प ४७४८**
**च्यासिस नं.**:MD2A13EXOMCB85385
**इन्जिन नं.** : DKXCMB79678
मो. : ९८५११५१६१४, ९८११३२१६१४



## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस Target Consultants Human Resources Pvt.Ltd. (ई.प.नं. ८३३/०६६/६७) मा **सुश्री शिस्तीं श्रेष्ठ, सुश्री गीता श्रेष्ठ र श्री प्रसिद्ध तामाङले** (Public Relations Officer (PRO) र **रिता के.सी.** (Documentation Officer) पदमा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण उहाँहरूले १ महिना पहिले नै राजीनामा दिनु भएको हुनाले निज व्यक्तिहरूसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७
**Target Consultants Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shanbhu Marga, Kathmandu, Nepal. Tel: +977-01-4478737,4464082
FAX:+977-01-4464082, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OX FOR HOSPITALITY SERVICES

पूर्व स्वीकृति मिति : २०८०/०२/१४ | पून स्वीकृति मिति : २०८०/०५/१२ | LT. No. 286649 | चलानी नं. ६०२०२२०८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAITER | 0 | 3 | 1400 | ५०,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भाद्र २० गते (6th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLANC DENTAL CLINIC.

पूर्व स्वीकृति मिति : २०७९/०३/०६ | पुन विज्ञापन स्वीकृति मिति :२०८०/०५/१२ | LT. No. 264965 | चलानी नं.६०१८१३६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 5 | 95 | ४०७६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dental Hygienist | 0 | 10 | 350 | १५०१९४ | | | | | | | |
| 3 | Dental X-ray | 0 | 5 | 325 | १३९४६६ | | | | | | | |
| 4 | Doctor | 5 | 5 | 800 | ३४३३०१ | | | | | | | |

कम्पनी : CITY GROUP GENERAL TRADING CO.

पूर्व स्वीकृति मिति : २०७९/०१/०४ | पुन विज्ञापन स्वीकृति मिति :२०८०/०५/१२ | LT. No. 261710 | चलानी नं.६०१७८०१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Staff | 10 | 10 | 120 | ४८,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Duty Driver | 8 | 0 | 150 | ६०,३१० | | | | | | | |
| 3 | Office Boy | 2 | 0 | 120 | ४८,२४५ | | | | | | | |
| 4 | Office Boy / Attender | 0 | 1 | 120 | ४८,२४५ | | | | | | | |
| 5 | Security Guard | 10 | 0 | 130 | ५२,२७० | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भाद्र २० गते (6th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL Govt. License No. 1352/074/075
**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: SILANA BUFFET FOR SERVING MEALS

पूर्व स्वीकृति मिति २०८०/०५/१२ | LT. No.291607 | चलानी नं. ६०२०७९५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 3 | 0 | 1000 | ३५,२८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भाद्र २० गते (6th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.** श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org



## फ्रि भिषा !! फ्रि टिकट !!
## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : Lavender Confectionary & Bakery SDN. BHD.

पूर्व स्वीकृति मिति २०८०/०१/२६ | पुन स्वीकृति मिति २०८०/०५/१२ | LT. No. 285678 | चलानी नं. ६०२०२१३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Wokrer | 60 | 0 | 1500 | ४३,५९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भाद्र २० गते (6th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**R. A. International Employment Agency Pvt Ltd** श्रम ईजाजत नं. १४०४/०७४/०७५
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHABA CONTRACTING COMPANY LTD ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०७९/०९/१२ | पून स्वीकृति मिति २०८०/०५/१२ | LT. No. 278031 | चलानी नं. ६०१९३७९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 21 | 0 | 1000 | ३५,२८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Maintenance Mechanic Assistant. | 3 | 0 | 1200 | ४२,३४४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भाद्र २० गते (6th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1342/074/75
**Muskan Overseas Pvt. Ltd.**
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HORTENZ CLEANING SERVICES

पुर्व स्वीकृति मिति २०८०/०४/२९ | पून स्वीकृति मिति २०८०/०५/१२ | LT. No. 290876 | चलानी नं. ६०२०६१४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 0 | 1000 | ३६,०३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भाद्र २० देखि २२ गते (6 to8th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.** Govt. License 1218/074/075
G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9869078928/9801101714/9813536694
E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AWTAR BEIRUT RESTAURANT TO SERVE MEALS

पूर्व स्वीकृति मिति २०८०/०४/२६ | पून स्वीकृति मिति २०८०/०५/१२ | LT. No. 290755 | चलानी नं. ६०२०६०१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1200 | ४२,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भाद्र २० गते (6th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BUSINESS DOORS TRADING EST

पुर्व स्वीकृति मिति २०७८/११/१३ | पून : विज्ञापन स्वीकृति मिति : २०८०/०५/१२ | LT. No.258591 | चलानी नं. ६०१७६०२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Polishing Agent | 03 | 0 | 1200 | ४२,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भाद्र २० गते (6th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:**१०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mobhira Overseas Service Pvt. Ltd.** Govt. License 083/053/054
P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com



## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Al Nisrine Al Wataniya Enterprises LLC

पूर्व स्वीकृति मिति: २०८०/०५/११ | LT. No.291752 | चलानी नं. ६०२०६९३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SALESMAN | 01 | 0 | 130 | ४४,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भाद्र २० गते (6th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Lions International Nepal Pvt. Ltd.** Govt. License 340/059/060
Lainchour, Ktm Nepal. Tel: +977 1 4544333/4544642/4512587
Email ID: lions.manpower@gmail.com, lions@mail.com

# प्रभाव दैनिक


## रूपशाला



### फिल्म 'ह्वाइट हाउस'मा आँचलको इन्ट्री

अभिनेत्री आँचल शर्मा फिल्म 'ह्वाइट हाउस' मा अनुबन्धित भएकी छन् । निर्माण युनिटले उनलाई फिल्मको मुख्य भूमिकाका लागि भित्र्याएको हो । फिल्ममा यस अगाडि रमेश उप्रेती र गरिमा शर्मा पनि अनुबन्धित भएका थिए । सविनकुमार तोलांगीको पटकथा लेखन तथा निर्देशन रहने फिल्म अस्ट्रेलिया र नेपालमा सुटिङ हुनेछ । अघिल्लो वर्ष फिल्म 'झिँगेदाउ' हिट दिएकी आँचलको यो वर्ष प्रदर्शनमा आएको 'नाइँ नभन्नू ल ६' फ्लप भयो । 'नाइँ नभन्नू ल ६' फ्लप भएपछि फुर्सदिलो बनेकी उनी केही अघि मुस्कान ढकालको निर्देशनमा बन्न लागेको फिल्म 'पञ्चामृत' भित्रिएकी थिइन् । यसमा उनको जोडी अभिनेता धिरज मगर रहने बताइन्छ । 'ह्वाइट हाउस'मा भने उनी रमेश उप्रेतीको जोडी बन्ने चर्चा छ ।



# गजुरेलको गाईजात्रा भोलिदेखि




■ प्रभाव संवाददाता

**काठमाडौं–** वरिष्ठ हास्य कलाकार मनोज गजुरेलको टिमले २०८० सालको गाईजात्रा भदौ १४ गतेबाट प्रज्ञा भवनमा देखाउने भएको छ । मंगलबार काठमाडौंमा एक कार्यक्रम गर्दै यसपालिको गाईजात्रा भदौ १४, १६ र १७ गते प्रज्ञा भवनमा हुने जानकारी गराइएको हो ।

कार्यक्रममा बोल्दै व्यङ्ग्य कवि शैलेन्द्र सिम्खडाले यस वर्षको गाईजात्रामा पुस्ता हस्तान्तरणको पाठ राजनीतिक दलका नेताहरूलाई सिकाउने बताए । उनले भने, 'मैले गरेको यो चौथो पुस्तासम्मको गाईजात्रा हो । हामीले यसपालिको गाईजात्रामा पुस्ता कसरी हस्तान्तरण हुन्छ भन्ने कुरा हामी नेताहरूलाई देखाइदिन्छौं । संस्कृतिको निरन्तरता र पुस्ता हस्तान्तरण गाईजात्राको उद्देश्य हो ।'

कार्यक्रममा बोल्दै वरिष्ठ हास्य कलाकार गजुरेलले अब पुस्ता हस्तान्तरणको बेला भएको र यस वर्षको गाईजात्राको उद्देश्य पनि सोही रहेको जिकिर गरे । उनले यस पटकको गाईजात्राले मानिसको दिल हँसाउने प्रयास गरेको बताए । उनले भने, 'अब पुस्ता हस्तान्तरणको बेला हो । ६० माथिका अंकलहरूले ४० तिरका युवाहरूलाई हस्तान्तरण गर्नुपर्छ । यो ३० वर्षमा परिवर्तन के भएछ ? हामी यसको समीक्षा गर्न सक्छौं । हाम्रो प्रस्तुतिमा मान्छेको दिल हँसाउने प्रयास गरेका छौं ।' कार्यक्रममा अन्य कलाकारहरूले यस वर्षको गाईजात्रा उत्कृष्ट रहेकाले हेर्न आउन आग्रह गरेका थिए ।

# बुद्धिले सुरु गरे 'हात्तीछाप'को डबिङ

■ प्रभाव संवाददाता



**काठमाडौं–** सिमोस सुनुवारको निर्देशन रहेको फिल्म 'हात्तीछाप' को डबिङ सुरु भएको छ । निर्माण युनिटले आइतबारबाट फिल्मको डबिङ सुरु भएको जनाएको हो । निर्माता किरण नेपालीका अनुसार एक सातासम्म फिल्मको डबिङ हुनेछ । यसपछि, फिल्मको टिजर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा हुनेछ ।

रेड बर्ड प्रोडक्शनको ब्यानरमा निर्माण भएको फिल्ममा कथा, पटकथा तथा संवाद प्रदीप भारद्वाजको छ । दयाहाङ राई, उपासना सिंह ठकुरी, सौगात मल्ल, बेनिशा हमाल, बुद्धि तामाङ, विजय बराल, कमलमणि नेपाल, राजन खतिवडा, पुष्कर गुरुङ, प्रकाश घिमिरे, विनोद न्यौपाने, कविता आले, सुष्मा निरौला, रवीन्द्र झा लगायतका कलाकारको अभिनय रहेको फिल्ममा सुशन प्रजापतिको छायांकन छ ।

फिल्मको पहिलो दिनमै कलाकार बुद्धि तामाङले डबिङ गरिरहेका छन् । बुद्धिले फिल्मको छायांकनमा निकै रमाइलो भएको भन्दै डबिङमा पनि झनै मज्जा आएको बताए । उनले फिल्म हेरेर दर्शकले पनि मनोरञ्जनले लिने पक्का गरेका छन् । यो फिल्मको अधिकांश देशमा प्रदर्शन अधिकार समेत बिक्री भैसकेको छ ।

# 'अस्कर अवार्ड'का लागि नेपाली चलचित्रको आवेदन माग




■ प्रभाव संवाददाता

**काठमाडौं–** एकेडेमी अवार्डस् (द अस्कर), अन्तर्राष्ट्रिय फिचर चलचित्र छनोट समिति (नेपाल)ले '९६औं अस्कर अवार्ड प्रतियोगिता'का लागि अन्तर्राष्ट्रिय फिचर चलचित्र विधामा सहभागी गराउन सूचना आह्वान गरेको छ । समितिले एक विज्ञप्ति जारी गर्दै नेपाली चलचित्रलाई उक्त पुरस्कारको प्रतियोगितामा अन्तर्राष्ट्रिय फिचर चलचित्र विधामा सहभागी गराउन आवेदन माग गरेको हो ।

विज्ञप्तिमा भनिएको छ , 'एकेडेमीद्वारा तोकिएका सबै मापदण्ड पुग्ने एउटा उत्कृष्ट चलचित्र छनोट गरी सो प्रतियोगितामा प्रतिस्पर्धी चलचित्रका रूपमा सिफारिस गरी जानकारी गराउन उक्त संस्थाबाट अनुरोध भइआएकाले ९६ औं अस्कर अवार्ड प्रतियोगितामा सामेल हुन चाहने सबै नेपाली चलचित्र निर्देशक र निर्माताहरूलाई आफ्नो चलचित्र २०२३ सेप्टेम्बर १५ तारिख अर्थात् मिति २०८० भदौ २९ गते शुक्रवार दिनको ५ बजेभित्र समितिको सचिवालयमा सम्पर्क गरी दर्ता गराउन आह्वान गरिन्छ ।'

प्रतिस्पर्धामा भाग लिन चाहेको चलचित्र सन् २०२२ डिसेम्बर १ तारिख अर्थात् वि.सं. २०७९ असोज १५ गते भन्दा पछि तथा सन् २०८० सेप्टेम्बर ३० तारिख अर्थात् वि.सं. २०८० साल असोज १४ गतेभन्दा पहिला नै सार्वजनिक प्रदर्शन आएका हुनुपर्नेछ ।

दरखास्तका साथमा चलचित्र जाँच (सेन्सर) गरिएको प्रमाणपत्र, हलमा रिलिज नभएर ओटीटीमा रिलिज भएको हो भने सोको प्रमाण, ३५ एम.एम. वा ७० एम.एम.को भिडियो वा २४-४८ फ्रेममा प्याकेज गरिएको डिजिटल सिनेमा, यसैगरी २०४८ देखि १०८० पिक्सेलसम्म प्रोजेक्सन रेजुल्युसन भएको डिजिटल सिनेमा, ५.१ अथवा ७.१ मा उपलब्ध अडियो, निर्देशक, निर्माता, कलाकार आदिका साथै सबै प्राविधिकहरूको नामावली (क्रेडिट टाइटल्स् सिनेमामा देखाइएको क्रममा), अङ्ग्रेजी भाषामा लेखिएको चलचित्रको संक्षिप्त सारांश (कथासार), निर्देशकको फिल्मोग्राफी र फोटो, सम्बन्धित चलचित्रका ३ देखि ५ वटासम्म स्थिर फोटाहरू, चलचित्र रिलिज हुँदाको एउटा अफिसियल पोस्टर लगायत प्रमाण सहित सात दिनभन्दा पेस गर्नुपर्नेछ ।

पुरस्कार प्रतियोगितामा अन्तर्राष्ट्रिय फिचर चलचित्र विधामा सहभागी गराउन चलचित्र निर्देशक राजु के.सीको नेतृत्वमा अन्तर्राष्ट्रिय फिचर चलचित्र छनोट समिति (नेपाल) गठन भएको छ ।

चलचित्र विकास बोर्ड सदस्य राजु केसीको संयोजकत्वमा पाँच सदस्यीय छनोट समिति गठन गरिएको छ । समितिमा मञ्जुकुमार श्रेष्ठ, गौतम धिमाल, सामीप्यराज तिमल्सेना सदस्य र हृतिका भट्टराई सचिव छन् ।



## एसिया कप

# नेपालको सम्भावित ब्याटिङक्रम



■ प्रभाव संवाददाता

**काठमाडौं–** १६ औं संस्करणको एसिया कप बुधबारबाट पाकिस्तानमा सुरु हुँदै छ । पाकिस्तानको मुल्तान क्रिकेट स्टेडियममा नेपाल र घरेलु टोलीको खेलसँगै एसिया कपको सुरुआत हुँदै छ । नेपाल र पाकिस्तानबीचको खेल नेपाली समयअनुसार दिउँसो सवा ३ मा सुरु हुनेछ ।

पाकिस्तानलाई पराजित गर्न नेपालले आफ्नो बलियो प्लेइङ-११ मैदानमा उतार्ने छ । नेपालको ओपनिङ जोडिमा ओडिआई इतिहासका नै सर्वाधिक सफल जोडिका रूपमा रहेका नियमित ओपनर आसिफ शेख र कुशल भुर्तेल रहने सम्भावना छ । कुशल र आसिफको जोडिबाट टोलीले मजबुत सुरुआतको अपेक्षा राखेको छ ।

